कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित र संचालित

# मोलुङ्ग हाइड्रोपावर कम्पनी लिमिटेड

**रजिष्ट्रार कार्यालय : रविभवन १४, काठमाण्डौं**
**फोन नं.०१–५६७०५१८, ५६७०४४२**
**वेवसाइट :**www.molunghydropower.com.np,
**Email: molung.office@gmail.com, mhp@wlink.com.np**

**को**

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

# विवरण–पत्र

कम्पनीले आफ्नो जारी पूँजी रु.८०,२५,००,०००/- मध्ये ४४% अर्थात ३५,३१,००,०००/– रकम बराबर प्रति शेयर रु.१००/– अंकित मूल्यको ३५,३१,००० कित्ता शेयर मध्ये धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ समेतको अधिनमा रही जारी पूंजीको १०% अर्थात रु.८,०२,५०,०००/– (आठ करोड दुई लाख पचास हजार) रकम बराबरको रु.१००/– अंकित दरको ८,०२,५०० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र अर्थात ओखलढुङ्गा जिल्लाको मोलुङ्ग गाउंपालिकाका बासिन्दाहरुको लागि ५%, सुनकोशी गाउँपालिकाका बासिन्दाहरुको लागि २.५% र सिद्धिचरण न.पा.का बासिन्दाहरुको लागि २.५% गरी जम्मा १०% साधारण शेयर निष्काशन गर्न लागिएको र बांकी ३४% अर्थात रु.२७,२८,५०,०००/– (अक्षेरुपी सत्ताईस करोड अठाईस लाख पचास हजार) रकम बराबरको रु.१००/– अंकित दरको २७,२८,५०० कित्ता(वैदेशिक रोजगारीमा रहेको नेपालीहरुलाई १०% अर्थात २,७२,८५० कित्ता,सामूहिक लगानी कोषलाई ५% अर्थात १,३६,४२५ कित्ता तथा कर्मचारीहरुलाई २% अर्थात ५४,५७० कित्ता समेत) साधारण शेयर सर्वसाधारणमा निष्काशन गर्न लागिएको छ।

नेटवर्थ सम्बन्धी विवरण :

| विवरण | वास्तविक | | | *आ.व.०७८/७९ आश्विन मसान्तको अपरिष्कृत | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | | ०७९/८० | ०८०/८१ | ०८१/८२ |
| प्रति शेयर नेटवर्थ (रु.) | ५१.२७ | ४९.८४ | ६०.६२ | ६६.२८ | ८५.१७ | ९४.३४ | १०४.१३ |
| प्रति शेयर आम्दानी (रु.) | (६.३२) | (२.९५) | १०.७८ | ५.९६ | ७.२३ | ९.१७ | ९.७९ |
| संचित नाफा/नोक्सान (रु हजारमा) | (२१२,२०४) | (२२५,४४१) | (१७६,९८४) | (१,५१,५१८) | (११९,०००) | (४५,४२७) | ३३,१११ |

दरखास्त साथ प्रति साधारण शेयर रु. १००/– अकिंत मूल्यका दरले शतप्रतिशत भुक्तानी माग गरिएको

| | | |
|---|---|---|
| **मोलुङ्ग हाइड्रोपावर कम्पनी लिमिटेड (७ मे.वा.)** | **बिद्युत उत्पादनको कूल लागत : १४५.९ करोड** | **विद्युत उत्पादन अनुमतिको बाँकी अवधि : २६ वर्ष** |
| **साधारण लगानी फिर्ता हुने अवधि :८.१वर्ष** | **डिस्काउन्टमा लगानी फिर्ता हुने अवधि :१९.५ वर्ष** | **प्रति मेगावाट लागत : २०.८ करोड** |

## लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मुल्यले सूचीकरण पश्चात धितोपत्र बजारमा हुने कारोवार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको **दफा ग (८)**, पृष्ठ संख्या (१२,१३ र १४)मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ।

## नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण :

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनका लागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी कानून बमोजिम नेपाल धितोपत्र बोर्डले स्वकिृति प्रदान गरेको छ। यसरी बोर्डले विवरणपत्रमा स्वीकृति प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन।

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम वित्तीय संस्थाको रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था इक्रा नेपाल लिमिटेड सनराइज बिजपार्क छैठौं तल्ला, डिल्लीबजार, काठमाण्डौबाट क्रेडिट रेटिङ्ग गराई "ICRANP-IR BB" "ICRA NP Issuer Rating Double B] " प्रमाणपत्र प्राप्त गरेको छ। "ICRA NEPAL Issuer Rating Double B " ले कम्पनीको वित्तीय दायित्वको समयमै सेवा गर्ने सम्बन्धमा पूर्व निर्धारितको मध्यम जोखिम रहेको (Moderate risk of default regarding timely servicing of financial obligations) भन्ने बुझिन्छ। क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण यस विवरणपत्रको दफा २२ (ट)मा उल्लेख छ।
**इस्युर रेटिङ्ग प्रदान गरेको मितिः २०७९/०१/१५ (तदनुसार अप्रिल २८, २०२२) बहाल रहने अवधि:२०८०/०१/१५ (तदनुसार अप्रिल २८, २०२३)**

आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु तथा कम्पनीका कर्मचारीहरुलाई बिक्री वितरण गरेको शेयर सर्वसाधारणहरुलाई निष्काशन गरेको शेयर बाँडफाँड गरेको मितिले ३ वर्ष पुरा नभए सम्म अरु कसैलाई बिक्री तथा हस्तान्तरण गर्न पाइने छैन।

| | |
|---|---|
| **नेपाल धितोपत्र बोर्डबाट विवरणपत्रमा स्वीकृती प्राप्त मिति** | : २०७९/०८/१९ |
| **कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति** | : २०७९/०८/२८ |
| **धितोपत्र निष्काशन खुल्ला मिति** | : २०७९/११/०४ |
| **धितोपत्र निष्काशन बन्द हुने मिति (छिटोमा)** | : २०७९/११/१० **(बैंकिङ्ग समय पश्चात् ।)** |
| **धितोपत्र निष्काशन बन्द हुने मिति (अन्तिम)** | : २०७९/११/१८ **(बैंकिङ्ग समय पश्चात् ।)** |

## धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक :

सनराइज क्यापिटल लिमिटेड
**SUNRISE CAPITAL LTD.**
(सनराइज बैंक लिमिटेडको सहायक कम्पनी)

**पो.ब.नं.१२०५५, कमलपोखरी, काठमाण्डौं**
**फोन न ४५२८६६०, ४५२८५५०**
**Email : info@sunrisecapitalcom.np, Website : www.sunrisecapital.com.np**

|

**ख.१ विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :**

(क) **"विवरणपत्र"** भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित विवरणहरु भएको पुस्तिकालाई सम्झनु पर्दछ ।

(ख) **"धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक"** भन्नाले सन्राईज क्यापिटल लिमिटेड, कमलपोखरी काठमाण्डौलाई सम्झनु पर्दछ ।

(ग) **"धितोपत्र"** भन्नाले संगठित संस्थाले जारी गरेको शेयर सम्झनु पर्दछ ।

(घ) **"संगठित संस्था/कम्पनी"** भन्नाले सार्वजनिक निष्काशनकर्ता कम्पनी मोलुङ्ग हाइड्रोपावर कम्पनी लिमिटेडलाई सम्झनु पर्दछ ।

(ङ) **"संकलन केन्द्र"** भन्नाले सार्वजनिक निष्काशनको लागि तयार गरिएको विवरणपत्र र दरखास्त फारम प्राप्त गर्न सकिने तथा दरखास्त फारम साथ रकम बुझाउन सकिने गरी तोकिएका संस्थाहरुलाई सम्झनु पर्दछ ।

(च) **"निष्काशन बैंक"** भन्नाले सार्वजनिक निष्काशनबाट संकलन हुन आएको रकमलाई जम्मा गर्नको लागि तोकिएको वाणिज्य बैंकलाई सम्झनु पर्दछ ।

(छ) **"नियमन निकाय"** भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालयलाई सम्झनु पर्दछ ।

(ज) **"संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यवस्थापन"** भन्नाले मोलुङ्ग हाइड्रोपावर कम्पनी लिमिटेडको संस्थापक, संचालन, कार्यकारी प्रमुख तथा व्यवस्थापनलाई सम्झनु पर्दछ ।

(झ) **"बोर्ड"** भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ ।

(ञ) **"वित्तीय विवरण"** भन्नाले संगठित संस्थाको वासलात, आय व्यय विवरण, नगद प्रवाह विवरण सम्झनु पर्दछ र सो शब्दले ईक्विटीमा भएको परिवर्तनको विवरण र लेखा नीति तथा लेखासंग सम्बन्धित टिप्पणीहरु समेतलाई जनाउंदछ ।

(ट) "प्रति शेयर आम्दानी" भन्नाले कम्पनीको कर पछिको नाफालाई कुल शेयर संख्याले भाग गर्दा आउने प्रतिफललाई सम्झनु पर्छ ।

(ठ) "प्रति शेयर नेटवर्थ"भन्नाले कम्पनीको कुल नेटवर्थलाई कुल सेयर संख्याले भाग गर्दा आउने प्रतिफललाई सम्झनु पर्छ ।

(ड) "साधारण लगानीमा फिर्ता हुने अवधि" भन्नाले लगानीकर्ताले परियोजनाको प्रारम्भिक लागत पुनः प्राप्ति गर्न लाग्ने समय हो ।

(ढ) "डिस्काउन्टमा लगानी फिर्ता हुने अवधि" भन्नाले अवधि वर्षको संख्या हो जुन पछि संचयी छुटमा (Discount rate) प्राप्त नगद प्रवाहले प्रारम्भिक लगानीलाई पुनः प्राप्त गर्दछ ।

(ण) "आयोजना प्रभावित क्षेत्र" भन्नाले प्रचलित कानून बमोजिम स्थापना गरिएको उद्योग वा संचालन गरिएको आयोजनाको वातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदनमा उल्लेखित प्रभावित क्षेत्र सम्झनुपर्दछ ।

(त) **"वैदेशिक रोजगारीमा रहेको नेपाली"** भन्नाले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरु जनाउँछ ।

(थ) **"विप्रेषण (रेमिटयान्स्) बचत खाता"** भन्नाले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगार गरिरहेका नेपाली नागरिकको बोर्डबाट धितोपत्र खरीद संकलन सम्बन्धी कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा सम्बन्धित व्यक्तिको नाममा रहेको विप्रेषण (रेमिटयान्स्) बचत खाता सम्झनुपर्छ ।

**ख.२ विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :**

| **सि.नं.** | **विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना** |
|---|---|
| १. | सन्राइज क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाण्डौ र वेवसाइट : www.sunrisecapital.com.np |
| २. | मोलुङ्ग हाइड्रोपावर कम्पनी लिमिटेड, रविभवन, काठमाण्डौ र वेवसाइट :www.molunghydropower.com.np |
| | **विवरणपत्र हेर्न पाउने स्थानको नाम र ठेगाना** |
| १. | नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुरको वेवसाइट : www.sebon.gov.np |

| **सि.नं.** | **दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान** |
|---|---|
| | **आयोजना प्रभावित क्षेत्र ओखलढुङ्गा जिल्लाका बासिन्दाहरुको हकमा :** अयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि देहाय बमोजिमका स्थानहरुबाट भौतिक रुपमा दरखास्त फाराम लिने व्यवस्था गरिएको छ । |
| **१** | **मोलुङ्ग गाउँपालिका स्थित सन्राइज बैंक लि., तथा मुक्तिनाथ विकास बैंक लि.** |
| **२** | **सुनकोशी गाउँपालिका स्थित माछापुच्छ्रे बैंक लि.** |
| **३** | **सिद्धिचरण नगर पालिका स्थित सन्राइज बैंक लि., मुक्तिनाथ विकास बैंक लि, कुमारी बैंक लि. तथा लक्ष्मी बैक लि.** |
| **४** | **नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेको सम्पूर्ण सी–आस्वा (C-ASBA) सदस्यता प्राप्त गरेका सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कर्यालयहरु ।** |
| **आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाले शेयर खरीद आवेदन प्राप्त गर्नका लागि दरखास्त फारम वापत रु.२/- (दुई रुपैया) शुल्क बुझाउनु पर्नेछ ।** | |
| **वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु :** | |
| १ | वैदेशिका रोजगारीमा रेहका नेपालीहरुका लागि नेपाल धितोपत्र बोर्डबाट सि–आस्बा (C-ASBA) सदस्यता प्राप्त गरेका सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु । |
| **सर्वसाधारण शेयरधनीहरुको हकमा :** | |
| १. | सर्वसाधारणको लागि नेपाल धितोपत्र बोर्डबाट सि–आस्बा (C-ASBA) सदस्यता प्राप्त गरेका सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु । |

**ग.१ धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई निष्काशनकर्ता कम्पनी तथा यसका संस्थापक/सञ्चालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा धितोपत्र सम्बन्धी ऐन, २०६३ र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनुरुपको योग्यता पुगेको प्रतिबद्धता पत्र (ड्यू डेलिजेन्स् सर्टिफिकेट) प्रस्तुत गरेका छौं ।

**ग.२ संगठित संस्थाको उद्घोषण :**

**ग.२.(क) सञ्चालकहरुको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुको सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सोसँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यताप्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी सञ्चालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्घोषण गर्दछौं की तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छौं र लगानीकर्ताहरुलाई सू-सूचीत गर्दै लगानी सम्बन्धी निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**ग.२.२ कम्पनीको जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यस "मोलुङ्ग हाइड्रोपावर कम्पनी लिमिटेड"ले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरण बाहेक संगठित संस्थाको वारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता संगठित संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ।

**ग.२.३ नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी उद्घोषण :**

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तैः कम्पनी रजिष्ट्रारको कार्यालय, विद्युत विकास विभाग, नेपाल विद्युत प्राधिकरण आदि) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लेखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा पेश गरेका छौं । कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७९/०७/३० मा कम्पनी अद्यावधिक सम्बन्धी पत्र प्राप्त गरेको छ ।

**ग.२.४ संस्थापक, सञ्चालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :**

(क) यस कम्पनीको संस्थापक, सञ्चालक वा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।

(ख) यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख कालो सूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा कार्यकारी प्रमुख रहेका छैनन् ।

(ग) सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी वेपत्ता भएका वा सञ्चालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख रहेका छैनन् ।

(घ) धितोपत्र सम्बन्धी कानुन विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख रहेका छैनन् ।

(ङ) यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम अयोग्य रहेका छैनन् ।

**ग.३ संगठित संस्था सम्बन्धी जानकारी :**

**ग.३.१ संगठित संस्थाको पृष्ठभूमी :**

(क) **संस्थाको नाम :** मोलुङ्ग हाइड्रोपावर कम्पनी लिमिटेड ।
(Molung Hydropower Company Limited)

(ख) **कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :** कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

(ग) **संस्थाको रजिष्टर्ड ठेगाना:** यस कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बाग्मती अञ्चल, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, रविभवनमा रहेको छ ।

(घ) **कारोबार गर्ने मूख्य स्थान :** यस कम्पनीको जलविद्युत उत्पादन केन्द्र ओखलढुङ्गा जिल्लाको मोलुङ्ग गाउंपालिका वडा नं.२ र ४ मा रहेको छ ।

(ङ) **कम्पनीको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु :**

मोलङ्ग हाईड्रोपावर कम्पनी प्रा. लि. मिति २०६७/१०/३१ गते स्थापना गरी तत् पश्चात मिति २०७६/०८/२६ बाट मोलङ्ग हाईड्रोपावर कम्पनी लि.को रुपमा स्थापना भई कार्य गर्दै आएको छ । मिति २०६९/११/२१मा **विधुत खरिद विकि सम्झौता** सम्पन्न गरी मिति २०७१/०६/१२ मा Generation License प्राप्त गरी आयोजनालाई निर्माणको लागि तिव्रताका साथ अगाडी वडाइयो । मोलुङ्ग हाईड्रोपावर कम्पनी लि.द्धारा मोलुङ्ग खोला जलविद्युत आयोजनाको निर्माण निर्धारीत समयमा सम्पन्न गरिएको छ । आयोजनाको क्षमता ७ मे.वा. रहेको छ । यो आयोजना पुर्वी नेपालको ओखलढुङ्गा जिल्लाको मोलुङ्ग गाउंपालिका अन्तर्गत वडा नं.२ र ४ मा पर्दछ ।

यस आयोजनाको निर्माण कार्यको सुरुवात मिति २०७२ पौषमा गरिएको तर निर्माणको सुरु अवस्थामा नै भारतद्धारा नेपालमा नाकाबन्दी गरिएको थियो । उक्त नाकाबन्दीको समयमा यस कम्पनीको कुशल व्यवस्थापनको कारण नाकाबन्दीको समयमा पनि लगातार रुपमा आयोजना निर्माण कार्य अगाडि बढाइ निर्धारित समयमा आयोजनाको सम्पूर्ण कार्य सम्पन्न गरिएको छ ।

मोलुङ्ग खोला जलविधुत आयोजनावाट मिति २०७४/१२/१२ गते देखि विधुत उत्पादन गरी ने.वि.प्रा.को ३३ के.भि. प्रशारण लाइनमा समय समयमा over voltage/Earth fault/over current बाट हुने अवरुद्ध वाहेक अन्य समय लगातार रुपमा नेपाल विधुत प्राधिकरणलाई विधुत प्रवाह गरीदै आइरहेको छ ।

संगठित संस्था अनक हाइड्रोपावर कम्पनी प्रा.लि.को मुख्य उद्देश्य विभिन्न जलविद्युत आयोजनामा लगानी गर्ने रहेको छ ।

**बिजुली आम्दानीको आधार**
**विधुत खरिद विकि सम्झौता अनुसार पटक पटक गरी मूल्यवृद्धि कायम हुने तालिका**

| **ऋावधि** (व्यापारि उत्पादन शुरु हुने मिति (COD) कायम भएको महिना लगतै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुनेगरि) | **सुख्खा याम** (पौष देखि चैत्र सम्म (रु प्रति युनिट) | **वर्षा याम** (वैशाख देखि मार्ग सम्म (रु प्रति युनिट) |
|---|---|---|
| पहिलो महिना देखि १२ औं महिना सम्म | ८।४० | ४।८० |
| १३ औं महिना देखि २४ औं महिना सम्म | ८।६५ | ४।९४ |
| १५ औं महिना देखि ३६ औं महिना सम्म | ८।९० | ५।०९ |
| ३७ औं महिना देखि ४८ औं महिना सम्म | ९।१६ | ५।२३ |
| ४९ औं महिना देखि ६० औं महिना सम्म | ९।४१ | ५।३८ |
| ६१ औं महिना देखि सम्झौता अवधि सम्म | ९।६६ | ५।५२ |

## Calculation basis for Payback, Internal rate of return and Net Present Value

(रु हजारमा)

| | **Year** | Cash flow (net of depreciation) | Cumulative Cash flow | Discount factor@ 11% | Discounted Cash Flow | Cumulative Discounted Cash Flow |
|---|---|---|---|---|---|---|
| | Net Worth as Outflow | (१,४१८,७३६) | | १ | (१,४१८,७३६) | (१,४१८,७३६) |
| १ | २०८० | ४५६,९८१ | ४५६,९८१ | ०.९००९ | ४११,६९४ | (१,००७,०४१) |
| २ | २०८१ | ११९,३६० | ५७६,३४२ | ०.८११६ | ९६,८७६ | (९१०,१६५) |
| ३ | २०८२ | १२४,२३८ | ७००,५८० | ०.७३१२ | ९०,८४२ | (८१९,३२३) |
| ४ | २०८३ | ११९,८४३ | ८२०,४२४ | ०.६५८७ | ७८,९४४ | (७४०,३७८) |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | २०८४ | १२९,८९२ | ९५०,३१६ | ०.५९३५ | ७७,०८४ | (६६३,२९४) |
| ६ | २०८५ | १४०,१६० | १,०९०,४७७ | ०.५३४६ | ७४,९३५ | (५८८,३५८) |
| ७ | २०८६ | १५०,७३२ | १,२४१,२१० | ०.४८१७ | ७२,६०१ | (५१५,७५६) |
| ८ | २०८७ | १६२,०१७ | १,४०३,२२७ | ०.४३३९ | ७०,३०३ | (४४५,४५२) |
| ९ | २०८८ | १६२,०१७ | १,५६५,२४५ | ०.३९०९ | ६३,३३६ | (३८२,११६) |
| १० | २०८९ | १६२,०१७ | १,७२७,२६३ | ०.३५२२ | ५७,०६० | (३२५,०५६) |
| ११ | २०९० | १६२,०१७ | १,८८९,२८० | ०.३१७३ | ५१,४०५ | (२७३,६५०) |
| १२ | २०९१ | १६२,०१७ | २,०५१,२९८ | ०.२८५८ | ४६,३११ | (२२७,३३९) |
| १३ | २०९२ | १६२,०१७ | २,२१३,३१६ | ०.२५७५ | ४१,७२१ | (१८५,६१७) |
| १४ | २०९३ | १६२,०१७ | २,३७५,३३३ | ०.२३२० | ३७,५८७ | (१४८,०३०) |
| १५ | २०९४ | १६२,०१७ | २,५३७,३५१ | ०.२०९० | ३३,८६२ | (११४,१६७) |
| १६ | २०९५ | १६२,०१७ | २,६९९,३६९ | ०.१८८३ | ३०,५०६ | (८३,६६१) |
| १७ | २०९६ | १६२,०१७ | २,८६१,३८६ | ०.१६९६ | २७,४८३ | (५६,१७७) |
| १८ | २०९७ | १६२,०१७ | ३,०२३,४०४ | ०.१५२८ | २४,७५९ | (३१,४१७) |
| १९ | २०९८ | १६२,०१७ | ३,१८५,४२२ | ०.१३७७ | २२,३०६ | (९,१११) |
| २० | २०९९ | १६२,०१७ | ३,३४७,४३९ | ०.१२४० | २०,०९५ | १०,९८४ |
| २१ | २१०० | १६२,०१७ | ३,५०९,४५७ | ०.१११७ | १८,१०४ | २९,०८८ |
| २२ | २१०१ | १६२,०१७ | ३,६७१,४७५ | ०.१००७ | १६,३१० | ४५,३९८ |
| २३ | २१०२ | १६२,०१७ | ३,८३३,४९२ | ०.०९०७ | १४,६९३ | ६०,०९२ |
| २४ | २१०३ | १६२,०१७ | ३,९९५,५१० | ०.०८१७ | १३,२३७ | ७३,३२९ |
| २५ | २१०४ | १६२,०१७ | ४,१५७,५२८ | ०.०७३६ | ११,९२५ | ८५,२५५ |
| २६ | २१०५ | १६२,०१७ | ४,३१९,५४५ | ०.०६६३ | १०,७४३ | ९५,९९९ |

| | |
|---|---|
| कुल वर्तमान मुल्य (Net Present Value at 11%) | रु.९५,९९९,६१० |
| आन्तरिक प्रतिफल दर (Internal Rate of Return) | १२% |
| साधारण लगानीमा फिर्ता हुने अवधि (Payback Period ) | ८.१ वर्ष |
| डिस्काउटमा लगानी फिर्ता हुने अवधि (Discounted Payback Period) | १९.५ वर्ष |
| बिद्युत उत्पादनको कूल लागत (Total Project Cost) | १४५.९ करोड |
| प्रति मेगावाट लागत (Cost Per Megawatt) | २०.८ करोड |

**PPA Table**

| महिना | दिन | अनुमानित शक्ति कि.वा. | अत्यधिक मासिक शक्ति कि.वा. | सम्झौता शक्ति कि.वा. /घण्टा |
|---|---|---|---|---|
| बैशाख | ३१ | १,८८४ | ४,५०२ | १,३३१,८१४ |
| जेष्ठ | ३१ | १,८३४ | ६,९३० | १,२९५,९५६ |
| असार | ३२ | ६,९३० | ६,९३० | ५,०५६,१२८ |
| श्रावण | ३१ | ६,९३० | ६,९३० | ४,८९८,१२४ |
| भाद्र | ३१ | ६,९३० | ६,९३० | ४,८९८,१२४ |
| असोज | ३१ | ६,९३० | ६,९३० | ४,८९८,१२४ |
| कार्तिक | ३० | ६,९३० | ६,९३० | ४,७४०,१२० |
| मंसिर | २९ | ४,२१२ | ६,९३० | २,७८५,२०९ |
| पुष | ३० | २,६५३ | ५,६१७ | १,८१४,६३४ |
| माघ | २९ | २,१९४ | ३,३२२ | १,४५०,६६६ |
| फागुन | ३० | १,७७८ | ३,३१३ | १,२१६,४५८ |
| चैत्र | ३० | १,९६५ | ३,१६७ | १,३४३,८४८ |
| **जम्मा** | **३६५** | | | **३५,७२९,२०५** |

सुख्खा याम (Dry season) र बर्षा याम (Wet season) ko energy table

| | |
|---|---|
| सुख्खा यामको जम्मा इनर्जि kWh | ५,८२५,६०६ |
| बर्षा यामको जम्मा इनर्जि kWh | २९,९०३,५९९ |
| जम्मा kWh | ३५,७२९,२०५ |

Note - सुख्खा याम पुष देखि चैत्र महिना, बर्षा यामको वैशाख देखि मंसिर महिना

**Contract energy, actual energy and income**

| महिना | सम्झौता शक्ति कि.वा./घण्टा | कुल उत्पादन शक्ति **७८/७९** | **आम्दानी ७८/७९ रु** | कुल उत्पादन शक्ति **७९/८०** | **आम्दानी ७९/८० रु** |
|---|---|---|---|---|---|
| बैशाख | १,३३१,८१४ | १,०००,०००.०० | ५,५२०,६८६.२२ | | |
| जेष्ठ | १,२९५,९५६ | १,२९५,९५६.०० | ६,९७२,२४३.२८ | | |
| असार | ५,०५६,१२८ | ४,३५४,००९.११ | २३,४२४,५६९.०२ | | |
| श्रावण | ४,८९८,१२४ | ३,४५७,४३७.८० | १८,०८२,३९५.९५ | ४,६०३,४८१.४१ | २४,७६६,७२९.९८ |
| भाद्र | ४,८९८,१२४ | ३,७२३,९९६.६६ | १९४,७६६,५०२.५३ | ४,५४८,८९४.३२ | २४,४७३,०५१.४६ |
| असोज | ४,८९८,१२४ | ३,७८७,३६२.७९ | १९,८०७,९०७.४४ | ४,८१८,५८२.९७ | २५,९२३,९७६.३७ |
| कार्तिक | ४,७४०,१२० | ३,०७२,१९८.४२ | १६,०६७,५९७.७३ | ३,५२६,१००.०८ | १८,९७०,४१८.४५ |
| मंसिर | २,७८५,२०९ | १,८८२,८६०.०० | ९,८८१,३४९.१९ | | |
| पुष | १,८१४,६३४ | ११,९४,४०२.६९ | १०,९४०,७२८.६८ | | |
| माघ | १,४५०,६६६ | ८४४,७६०.८९ | ७,७३८,००९.७४ | | |
| फागुन | १,२१६,४५८ | ९७९,२९१.३२ | ८,९७०,३०८.५३ | | |
| चैत्र | १,३४३,८४८ | ८५६,८७५.०० | ७,८४८,९७५.०४ | | |
| **जम्मा** | **३५,७२९,२०५** | **२६,४४९,१५०.६९** | **१५४,७३१,२७३.३५** | **१८,७११,०७८.७०** | **९४,१३४,१७६.२६** |

(च) **कम्पनीको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, ईतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) :** संगठित संस्थाको कुनै सहायक कम्पनी रहेको छैन ।

(छ) **देहायका कुराहरु समेत उल्लेख गर्नुपर्ने (लागू हुने हदसम्म) :**

१. संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु : जलविद्युत आयोजनाको निर्माण गरी विद्युत उत्पादन, संचालनर व्यवस्थापन गर्ने ।

२. प्रयोग भएको वा गरिने प्रविधि : जलश्रोतको उपयोग गरि जलविद्युत उत्पादन गर्ने ।

३. कुनै ब्राण्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार : नभएको ।

४. संगठित संस्थाले ओगटेको बजार क्षेत्र : कम्पनीले उत्पादन गर्ने विद्युत नेपाल विद्युत प्राधिकरणसंग विद्युत खरिद बिक्री सम्झौता गरेर राष्ट्रिय प्रसारण लाइन मार्फत् प्रसारण तथा वितरण गर्ने व्यवस्था मिलाइएको छ र कम्पनीले ओगटेको बजार क्षेत्र देशभररहेको छ ।

५. नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना : थप नयां जलविद्युत आयोजनाहरुको विकास गर्ने ।

६. उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिकाः कम्पनीले उत्पादन गर्ने विद्युत नेपाल विद्युत प्राधिकरणसंग विद्युत खरिद बिक्री सम्झौता गरी राष्ट्रिय प्रसारण लाइन मार्फत बिक्री वितरण गर्ने व्यवस्था मिलाइएको छ भने कम्पनीको प्रमुख बजार देशभर रहनेछ ।

७. उत्पादन/संचालन क्षमता र सो को उपभोग स्थितिः मोलुङ्ग हाईड्रोपावर कम्पनी लि.ले ७ मेगावाट क्षमताको जलविद्युत केन्द्र निर्माण गरी २०७४/१२/१२ बाट ने.वि.प्रा. को प्रशासन लाईनको कारणले अवरुद्ध भएको समय बाहेक अन्य समय लगातार रुपमा व्यापारिक उत्पादन गरी नेपाल विद्युत प्राधिकरणलाई बिक्री गर्दै आएको छ ।

८. २०७४/१२/१२ गतेबाट पूर्ण क्षमतामा संचालन गरिदै आएको छ ।

९. कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धताः मोलुङ्ग खोलामा भएको पानी ।

१०. गुण नियन्त्रणको लागि गरिएको व्यवस्थाः जलविद्युत संरचना र विद्युत उपकरणहरु उपयुक्त अवस्थामा राख्न आवश्यक व्यवस्था गरिएको छ ।

११. अनुसन्धान तथा विकासःनयां आयोजनाहरुको अध्ययन, विश्लेषन एवं विकास कार्यका लागि कम्पनीले उपयुक्त जलस्रोतको खोजी गरिरहेको छ ।

१२. विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको वाधा, व्यवधानः
विगत दुई वर्ष अगाडी कोभिड १९को कारणले यस आयोजनाको मर्मत कार्यमा प्रत्यक्ष रुपमा असर पर्न गयो । बाहिरबााट मर्मत कार्य गर्ने दक्ष जनशक्ती लैजान सक्ने वातावरण नभएको कारणले दुई वर्ष सम्म रनर, गाइड भ्यान, माथिल्लो तल कभर, प्रेसर रिलिज भल्भ, ड्राफ्ट ट्यूब आदिको बिना मर्मत नै

संचालन गर्नु पर्ने बाध्यता पर्न गयो र कम इफिसिऐन्सीमा केही जोखीम भए पनि विद्युत गृह निरन्तर रुपमा संचालनमा नै राखियो । गत वर्ष २०७८ वर्षात सकिएर खोलामा पानीको वहाव कम हुने वितिकै २ मंसीर २०७८ मा एउटा मेसीन (unit-2) खोली र उक्त मेसीनको रनर, गाइड भ्यान, माथिल्लो र तल्लो कभर, प्रेसर रिलिज भल्भ, ड्राफ्ट ट्यूब आदिको भागहरु आपूर्ति गर्न नेपाल हाइड्रो एण्ड इलेक्ट्रिकबाट प्राप्त गरी मिति २३ माघ २०७८ को स्थापना कार्य सफलताका साथ गरीयो । मर्मत कार्य पश्चात उत्पादनमा सुधार हुन गएको छ ।

१३. मजदुर संगठनसंगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण: नभएको ।

१४. बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति: एक मात्र विद्युत खरीदकर्ता नेपाल विद्युत प्राधिकरण रहेको छ । मोलुङ्ग हाईड्रोपावर कम्पनी लि.(७ मेगावाट) को कुल विद्युत उत्पादन क्षमता ३५.७२९गिगावाट रहेको हुंदा यस आयोजनाले बजारको केही अंशलाई मात्र परिपूर्ति गर्नेछ । उत्पादित विद्युत शक्ति नेपाल विद्युत प्राधिकरणसंग मिति २०६९/११/२१ मा विधुत खरिद विक्रि सम्झौता गरे अनुरुप मिति २०७४/१२/१२ देखि विधुत उत्पादन गरी नेपाल विधुत प्राधिकरणको ३३ के.भि. प्रशारण लाइनमा समय समयमा Earth fault/over voltage/over current कारणले हुने अवरुद्ध वाहेक अन्य समयमा लगातार रुपमा नेपाल विधुत प्राधिकरणलाई विधुत प्रवाह गरीदै आइरहेको छ ।

मोलुङ्ग जलविद्युत आयोजनाको उत्पादीत विद्युत ने.वि.प्रा.को ३३ के.भि. प्रशारण लाईन मार्फत ओखलढुङ्गा सवस्टेसन हुदै ३३ के.भि. प्रशारण लाईन भई लाहान सवस्टेसन सम्म करीब १५० किमी रहेको र उक्त लाईन जंगल र डाडाकाडा भएर जाने हुदा दैनिक रुपमा ८-१० पटक सम्म विभिन्न कारणले प्रशासन लाईनको Tripping ले गर्दा सोचे अनुरुप उत्पादन गर्न सक्ने क्षमता भएता पनि उत्पादन गर्न सकिरहेको थिएन । उक्त समयमा सोलु १३२ kv प्रशारण लाईन निर्माणाधिन अवस्थामा रहेको थियो । उक्त सोलु १३२ kv प्रशारण लाईन समयमा सम्पन्न नहुदा यस आयोजनाले PPA मा उल्लेख गरीए बमोजिम उत्पादन गर्न Tripping को कारणले सम्भव हुन सकेको थिएन तर फागुन २, २०७८ मा सोलु १३२ के.भि प्रशारण लाईन सम्पन्न भए पश्चात विगतको वर्ष भन्दा विद्युत उत्पादनमा उल्लेखनिय रुपमा सुधार भएको छ ।

<u>सोलु १३३ केभी प्रसारण लाइन आइसके पछीको Generation मा बृद्धि (Kwh)</u>

| महिना | २०७७/७८ | २०७८/७९ | Generation मा बृद्धि (Kwh) | % बृद्धि |
|---|---|---|---|---|
| फागुन | ५६५,७२४.२७ | ९७९,२९१.३२ | ४१३,५६७.०५ | ७३.१०% |
| चैत्र | ४२३,३६६.२५ | ८५६,८७५.०० | ४३३,५०८.७५ | १०२.४०% |
| बैशाख | ५८४,९१०.६७ | १,०५२,२९९.७१ | ४६७,३८९.०४ | ७९.९१% |
| जेठ | ७९७,०१३.०० | १,२९५,९५६.०० | ४९८,९४३.०० | ६२.६०% |
| कुल | २,३७१,०१४.१९ | ४,१८४,४२२.०३ | १,८१३,४०७.८४ | ७६.४८% |

१५. प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै-संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने त्तसम्बन्धी विवरण) : सो नभएको ।

**ग.३.२ सम्पत्ति सम्बन्धी विवरण :**

(क) संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था: पूँजीकरण भएको सम्पत्ति :

सम्पत्ती, उपकरण तथा मेशीनरी विवरण (Fixed Assets Registrar) (रु हजारमा)

| | Gross Block | | | Depreciation and Amortization | | | Net Block | |
|---|---|---|---|---|---|---|---|---|
| | अवधि सुरु ब्यालेन्स | थप | कुल | अघिल्लो वर्ष सम्म | यस वर्षको लागि | कुल रकम | २०७८-७९ | २०७७-७८ |
| पूर्वाधार र शिविर सुविधा | १५,०७३ | - | १५,०७३ | १,६६१ | ४९२ | २,१५३ | १२,९२० | १३,४१२ |
| पहुँच सडक | २४,९२१ | - | २४,९२१ | २,७४७ | ८१३ | ३,५६० | २१,३६० | २२,१७४ |
| एपोरच नहर | ७,३२५ | - | ७,३२५ | ८०७ | २३९ | १,०४६ | ६,२७९ | ६,५१८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| बाढी स्पिलवे र स्पिलवे नहर | २,५९९ | - | २,५९९ | २८६ | ८४ | ३७१ | २,२२८ | २,३१३ |
| फ्लसिङ व्यवस्था संग बजरी जाल | ७,५९१ | - | ७,५९१ | ८३६ | २४७ | १,०८४ | ६,५०६ | ६,७५४ |
| हेड पोखरी  सिभिल | १२,७७७ | - | १२,७७७ | १,४०८ | ४१७ | १,८२५ | १०,९५२ | ११,३६९ |
| हेडरेसरपेनस्टक पाइप सिभिल | १२६,४६० | - | १२६,४६० | १३,९३९ | ४,१२९ | १८,०६८ | १०८,३९१ | ११२,५२० |
| ओखलढुंगा बिपास रोड | ४,७२१ | - | ४,७२१ | ५२० | १५४ | ६७४ | ४,०४६ | ४,२०० |
| पावरहाउस र ट्रेरेस सिभिल | ९९,३६० | - | ९९,३६० | १०,९५२ | ३,२४४ | १४,१९६ | ८५,१६४ | ८८,४०८ |
| नदी डाइभर्सन कफर बाँध | ३,७५३ | - | ३,७५३ | ४१३ | १२२ | ५३६ | ३,२१६ | ३,३३९ |
| सन्तोरी पोस्ट | २१० | - | २१० | २३ | ६ | ३० | १८० | १८७ |
| सेटलिङ बेसिन स्पिलवे र फ्लसिङ सिभिलको साथ | ७६,५४७ | - | ७६,५४७ | ८,४३७ | २,४९९ | १०,९३७ | ६५,६१० | ६८,१०९ |
| स्टोर कोठा र मर्मत कार्यशाला | ८,१४१ | - | ८,१४१ | ८९७ | २६५ | १,१६३ | ६,९७८ | ७,२४३ |
| वियर र इनटेक सिभिल | २६३,९२२ | - | २६३,९२२ | २९,०९१ | ८,६१७ | ३७,७०९ | २२६,२१२ | २३४,८३० |
| केबल, केबल ट्रे र सहायक उपकरण | ४,७९४ | - | ४,७९४ | ५२८ | १५६ | ६८५ | ४,१०९ | ४,२६५ |
| नियन्त्रण, मिटरिङ र संरक्षण प्यानलहरू | १८,४३३ | - | १८,४३३ | २,०३१ | ६०१ | २,६३३ | १५,७९९ | १६,४०१ |
| ट्रान्सफर्मर प्रकार ३३ किलोवाट | ८५१ | - | ८५१ | ९३ | २७ | १२१ | ७२९ | ७५७ |
| डीसी प्रणाली | १,७०५ | - | १,७०५ | १८७ | ५५ | २४३ | १,४६१ | १,५१७ |
| अर्थिङ सामाग्री | २,४७० | - | २,४७० | २७२ | ८० | ३५२ | २,११७ | २,१९७ |
| क्रेन यान्त्रिक उपकरण | २५,९१० | - | २५,९१० | २,८५६ | ८४६ | ३,७०२ | २२,२०७ | २३,०५४ |
| जेनेरेटर र यसको सहायकहरू | ५३,५३४ | - | ५३,५३४ | ५,९०० | १,७४८ | ७,६४८ | ४५,८८५ | ४७,६३३ |
| मेकानिकल  वस्तुहरू | १७,४४० | - | १७,४४० | १,९२२ | ५६९ | २,४९१ | १४,९४८ | १५,५१८ |
| मेकानिकल मुख्य उपकरणहरू | ६१,९४८ | - | ६१,९४८ | ६,८२८ | २,०२२ | ८,८५१ | ५३,०९७ | ५५,१२० |
| अन्य विद्युतीय उपकरण | १२,१६४ | - | १२,१६४ | १,३४० | ३९७ | १,७३८ | १०,४२६ | १०,८२३ |
| पावर र सहायक ट्रान्सफर्मर | २६,४५९ | - | २६,४५९ | २,९१६ | ८६३ | ३,७८० | २२,६७८ | २३,५४२ |
| हेडवर्क्स एचएम | २०,७४२ | - | २०,७४२ | २,२८६ | ६७७ | २,९६३ | १७,७७८ | १८,४५५ |
| उठाउने प्रणाली | १८,११३ | - | १८,११३ | १,९९६ | ५९१ | २,५८८ | १५,५२५ | १६,११७ |
| जलमार्ग हेडरेस पाइप एचएम | २८०,२८२ | - | २८०,२८२ | ३०,८९५ | ९,१५१ | ४०,०४६ | २४०,२३५ | २४९,३८७ |
| ३३  किलोवाट प्राप्त गर्ने स्विचयार्ड उपकरण | ३९,६३१ | - | ३९,६३१ | ४,३६८ | १,२९४ | ५,६६२ | ३३,९६८ | ३५,२६२ |
| प्रसारण लाइन | ३७,२६४ | - | ३७,२६४ | ४,१०७ | १,२१६ | ५,३२४ | ३१,९३९ | ३३,१५६ |
| हाइड्रोमेकानिकल कार्यहरू | - | १०,९७७ | १०,९७७ | - | ४०२ | ४०२ | १०,५७४ | - |
| जमिन | ७२,९२० | - | ७२,९२० | - | २,६७५ | २,६७५ | ७०,२४४ | ७२,९२० |
| उत्पादन लाइसेन्स | ७०० | - | ७०० | ७७ | २२ | १०० | ५९९ | ६२२ |
| लाइसेन्स खरिद | १९,६८७ | - | १९,६८७ | २,१७० | ६४२ | २,८१२ | १६,८७४ | १७,५१६ |
| लेखा सफ्टवेयर | ५ | - | ५ | - | ५ | ५ | - | ५ |
| कम्प्युटर र ल्यापटप | ६६३ | ७५ | ७३८ | १६७ | - | ३०९ | ४२८ | ४९५ |
| कार्यालय फनीचर र सेटअप | १२९ | ३१ | १६० | ३२ | - | ६४ | ९६ | ९६ |
| सवारी साधन | १,७५६ | २४० | १,९९६ | ३५१ | - | ६८० | १,३१६ | १,४०५ |
| मेसिनरी र उपकरण | ६३० | १८१ | ८११ | ९४ | - | २०२ | ६०९ | ५३६ |
| **कुल रकम** | १,३७१,६४७ | ११,५०४ | १,३८३,१५१ | १४३,४५० | ४५,३८६ | १८९,४४८ | १,१९३,७०३ | १,२२८,१९६ |

ब्लक अनुसार सम्पत्ति विवरण

| सम्पत्ति विवरण, २०७९ | रकम (रु हजारमा) | स्थान | कैफियत |
|---|---|---|---|
| जग्गा | **७०,२४४** | मोलुङ्ग गाउँपालिका | आवश्यक जग्गा खरीद गरीएको |
| सिभिल निर्माण | **५६०,०४८** | मोलुङ्ग गाउँपालिका | पूर्ण रुपमा सम्पन्न भएको |
| हाइड्रो मेकानिकल | **२८४,११४** | मोलुङ्ग गाउँपालिका | पूर्ण रुपमा सम्पन्न भएको |
| इलेक्ट्रो मेकानिकल | **२५९,३७१** | मोलुङ्ग गाउँपालिका | पूर्ण रुपमा सम्पन्न भएको |
| सम्पत्ति,प्लान्ट र उपकरण | **२,४५०** | मोलुङ्ग गाउँपालिका | आवश्यकता अनुसार भएको |
| उत्पादन लाइसेन्स र लाइसेन्स खरिद | **१७,४७४** | मोलुङ्ग गाउँपालिका | विधुत विकास विभागवाट अनुमति प्राप्त इजाजतपत्र |
| **कूल सम्पत्ति** | **१,१९३,७०३** | - | - |

(ख)  बूँदा (क) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि (मिति समेत उल्लेख गर्नुपर्ने): लिजमा नभएको कम्पनीको आफ्नै सम्पत्ति ।

(ग) यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण : सो नभएको ।

(घ) आर्थिक वर्ष समाप्त भए पश्चात विवरणपत्र बोर्डमा पेश गरिएको मिति सम्ममा संगठित संस्थाको सम्पत्तिको कितावी मूल्य र बजार मूल्य बीच फरक समायोजन वा मूल्यांकन गरिएको भए सो को विवरण : सो नभएको

(ङ) सम्पत्तिको मूल्यांकन गरिएको तरीका सम्बन्धी विवरणः Straight Line and Written Down Value depreciation method

**ग.३.३ भावी योजना तथा रणनीति :**

(क) व्यवसाय/सेवाको बृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीतिः

कम्पनीले आफ्नो व्यवसाय/सेवाको बृद्धिका लागि चाल्ने भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीति निम्नानुसार छ ।

१. सार्वजनिक शेयर निस्कासाबाट प्राप्त हुन आउने रकम बैंक तथा वित्तिय संस्थाबाट लिइएको ऋणको रकम भूक्तानी गर्नमा प्रयोग गरीने छ ।
२. बैंक तथा वित्तिय संस्थाको बाँकी ऋण प्रक्षेपित समय अवधि भित्र भूक्तानी गर्ने रणनिति लिइएको छ ।
३. विद्युत उत्पादन गरी बिक्रीबाट प्राप्त हुने रकमबाट लिइएको ब्याज र ऋण क्रमिक रुपमा चुक्ता गर्ने र मुनाफाको सुनिस्चतता् गर्ने ।
४. समान उदेश्य भएका अन्य कम्पनी/आयोजनाहरुमा संस्थापकको हैसियतमा लगानी गर्ने ।
५. आयोजना प्रभावितका परिवारलाई उचीत क्षतीपूर्ती मध्येको रकमबाट शेयरमा लगानी गर्ने अवसर प्रदान गरिने ।
६. जलविद्युत विकासमा आवश्यक पर्ने जनशक्ती नेपालमा नै विकास गर्नको लागि अन्य कम्पनीहरु संग सहकार्य गर्ने ।
७. यस कम्पनी मार्फत निर्माण गरीने जलविद्युत आयोजना निर्माण गर्नको लागि आवश्यक पुजीँ नेपाल र विदेशमा रहेको नेपालीबाट लगानी गराउने वातावरण बनाइने छ ।

(ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितीको आधारमा संगठित संस्थाको व्यवसायको भविष्य : नेपालमा जलविद्युत उत्पादको प्रचुर सम्भावना रहेको भएपनि वर्तमान अवस्थामा विद्युतको माग र आपुर्ति बीच ठूलो खाडल रहेको छ । विद्युतको पर्याप्त विकास हुन सके छिमेकि मुलुकहरुमा निर्यात गर्न पनि सकिन्छ । त्यसैले यो व्यसायमा प्रतिस्पर्धाको आवस्था आउने छैन । यसर्थ कम्पनीले आफ्नो व्यवसायको निरन्तरताका लागि अगाडि बढाएका जलविद्युत आयोजनाहरुको निर्माण र अन्य आयोजनाको पहिचान तथा विकास गर्दा अन्य वस्तुको जस्तो प्रतिस्पर्धा गर्नु पर्दैन ।

**ग.३.४ सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :**

सञ्चालक समितिको संरचना, सञ्चालकहरुको संस्थागत प्रतिनिधित्व तथा सञ्चालक हुनको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी व्यवस्था :

हाल यस कम्पनीमा संचालक सदस्य ५ जना रहेको र सो मध्ये १ जना महिला संचालक रहेको छ र १ जना स्वतन्त्र विज्ञ संचालक रहेको छ तर सार्वजनिक निस्काशन पश्चात कम्पनीको नियमावलीमा भएको व्यवस्था अनुसार ७ जना सञ्चालक सदस्य रहेको सञ्चालक समिति देहाय बमोजिम कायम हुने छ । जसमध्ये १ जना महिला संचालक अनिवार्य रहनु पर्नेछ ।

| | |
|---|---|
| क)समूह (क) संस्थापक शेयरधनीहरुबाट | ३ |
| ख) समूह (ख) सर्वसाधारण शेयरधनीहरुबाट | ३ |
| स्वतन्त्र संचालक | १ |
| **जम्मा** | **७** |

संचालकहरुको कार्यकाल ४ वर्षको रहको छ ।

यस कम्पनीको नियमावलीको नियम २७ मा व्यवस्था भए अनुसार कम्पनीको संचालक हुनका लागि कम्पनीको कम्तिमा १०० (एक सय) कित्ता साधारण शेयर लिएको हुनुपर्नेछ । स्वतन्त्र संचालकको योग्यता कम्पनी ऐन २०६३ को दफा ८६ को उपदफा ३ बमोजिमको योग्यता भएको व्यक्ति हुनु पर्नेछ । निजको कार्यकाल २ वर्षको हुनेछ ।

**ग.४ पूँजी संरचना सम्बन्धी जानकारी :**

(क) **पूँजी संरचना**

कम्पनीको अधिकृत, जारी तथा चुक्ता पूँजी संस्थाको स्थापना पश्चात समय समयमा संशोधित भएको छ जसको विवरण निम्न बमोजिम रहेको छ ।

(क) कम्पनीको स्थापनाको समयको पूँजी संरचना

**अधिकृत पूँजीः** कम्पनीको अधिकृत पूँजी रु.१,००,००,००,०००/-(एक अरब रुपैंया) हुनेछ । सो पूंजीलाई प्रति शेयर रु.१००/-का दरका १,००,००,०००(एक करोड) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

**जारी पूँजी :** कम्पनीको जारी पूँजी रु.८०,२५,००,०००/- (असी करोड पच्चीस लाख रुपैंया) हुनेछ । सो पूंजीलाई प्रति शेयर रु १००/- का दरका ८०,२५,००० (असि लाख पच्चीस हजार) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

**चुक्ता पूँजी** :चुक्ता पूँजी रु.४४,९४,००,०००/-(चौवालीस करोड चौरानब्बे लाख रुपैंया) हुनेछ । सो पूंजीलाई प्रति शेयर रु.१०० का दरका ४४,९४,०००(चौवालीस लाख चौरानब्बे हजार) कित्ता शेयरमा विभाजन गरिएको छ । यस विवरणपत्र मार्फत रु.८,०२,५०,०००/– (आठ करोड दुई लाख पचास हजार रुपैंया) बराबरको शेयर रकम आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुलाई शेयर निष्काशन गरे पश्चात चुक्ता रकम रु.५२,९६,५०,०००/– हुनेछ । साथै, आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दालाई शेयर निष्काशन गरे पश्चात रु.२७,२८,५०,०००/– सर्वसाधारणलाई निष्काशन गर्ने र सो निष्काशन तथा बांडफांड पश्चात कम्पनीको चुक्ता पूंजी रु.८०,२५,००,०००/–(अक्षेरुपी असी करोड पच्चिस लाख रुपैंया ) हुनेछ ।

| आ.व. | अधिकृत पूंजी रु. हजारमा | जारी पूंजी रु. हजारमा | चुक्ता पूंजी रु. हजारमा |
|---|---|---|---|
| २०७६/०७७ | रु.५००,००० | रु.४३५,४८४ | रु.४३५,४८४ |
| २०७७/०७८ | रु.१,०००,००० | रु.८०२,५०० | रु.४४९,४०० |
| २०७८/०७९ | रु.१,०००,००० | रु.८०२,५०० | रु.४४९,४०० |
| २०७९/०८० प्रक्षेपित | रु.१,०००,००० | रु.८०२,५०० | रु.८०२,५०० |
| २०८०/०८१ प्रक्षेपित | रु.१,०००,००० | रु.८०२,५०० | रु.८०२,५०० |
| २०८१/०८२ प्रक्षेपित | रु.१,०००,००० | रु.८०२,५०० | रु.८०२,५०० |

(ख) निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप)

साधारण शेयर निष्काशन गरी वाडँफाँड गरे पश्चात कम्पनीको पूँजी संरचना देहाय बमोजिम हुनेछ ।

| समूह | शेयरधनीहरु | साधारण शेयर संख्या | पूंजी प्रतिशत(%) | चुक्ता रकम (रु हजारमा) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | ४४,९४,००० | ५६% | ४४९,४००/– | शत प्रतिशत |
| ख | आयोजना प्रभावित क्षेत्रका बासिन्दा शेयरधनीहरु | ८,०२,५०० | १०% | ८०,२५०/– | निष्काशन पश्चात शत प्रतिशत हुने |
| ग | सर्वसाधारण शेयरधनीहरु (कर्मचारी सहित) | २७,२८,५०० | ३४% | २७२,८५०/– | निष्काशन पश्चात शत प्रतिशत हुने |
| | **जम्मा** | **८०,२५,०००** | **१००%** | **८०२,५००/–** | **निष्काशन पश्चात शत प्रतिशत हुन** |

**संस्थापक समुह र सर्वसाधारण समुहको शेयर अनुपात ५६:४४ देखिएको सन्दर्भमा संचलक समितिमा समानुपातिक प्रतिनिधित्व हुने व्यवस्था IPO निष्काशन पश्चात साधारण सभाबाट गरिनेछ ।**

(ग) शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात) । : छैन ।

## ग.५ संस्थापक/सञ्चालक सम्बन्धी जानकारी :

### ग.५.१ संस्थापक/सञ्चालकको पृष्ठभूमी :

(क) आधारभूत शेयरधनीहरु तथा सञ्चालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव र प्रस्तावित व्यापार/व्यवसायमा अनुभव :

**आधारभूत शेयरधनीहरुको विवरण**

| क्र. सं. | नाम | ठेगाना | पद | उमेर | राष्ट्रियता | शेयर स्वामित्व | शैक्षिक योग्यता | अनुभव | प्रस्तावित ब्यापार व्यवसायमा अनुभव |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री अनक हाइड्रोपावर कम्पनी प्रा.लि. | रविभवन, १४, काठमाण्डौं । | आधारभूत शेयरधनी | लागु नहुने | लागु नहुने | २,००६,१९८ | लागु नहुने | लागु नहुने | लागु नहुने |
| २ | श्रीमति सूर्यमाया | वडा नं. १७, | आधारभूत | ७० | नेपाली | ८८५,००० | छैन | ३० वर्षदेखि | जलविद्युत क्षेत्रमा |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | महर्जन | किर्तिपुर | शेयरधनी | | | | | निमार्ण उद्योगमा लगानीकर्ता | १० वर्षको अनुभव |
| ३ | श्री नविन महर्जन | वडा नं. १७, किर्तिपुर | आधारभूत शेयरधनी | ४६ | नेपाली | ३,५४,८४० | बणिज्य शास्त्रमा स्नातक | सिभिल/मेकानिकल क्षेत्रमा २६ वर्षको अनुभव | जलविद्युत क्षेत्रमा १० वर्षको अनुभव |
| ४ | श्री कबिन महर्जन | वडा नं. १७, किर्तिपुर | आधारभूत शेयरधनी | ४५ | नेपाली | ७,३०,४२२ | आर्किटेचर इन्जिनियरिङमा स्नातकोत्तर | सिभिल/मेकानिकल/आर्किटेक्ट क्षेत्रमा २० वर्षको अनुभव | जलविद्युत क्षेत्रमा १० वर्षको अनुभव |

**सञ्चालकहरुको बिवरण:**

| क्र. सं. | नाम, ठेगाना | पद | उमेर | राष्ट्रियता | शेयर स्वामित्व | शैक्षिक योग्यता | अन्य क्षेत्रमा अनुभव | प्रस्तावित व्यापार/ व्यवसायमा अनुभव |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री श्रीराम महर्जन, वडा नं १७ किर्तिपुर | एक्जुकेटिभ चेयरम्यान | ७१ | नेपाली | छैन | डिप्लोमा इन इन्जिनियरिङ | सिभिल क्षेत्रमा ५० वर्ष मध्ये ४१ बर्ष अनक कन्स्ट्रक्सनमा अनुभव | मोलुङ्ग खोला जलविद्युत आयोजनामा १० वर्षको अनुभव |
| २ | श्री अमृत कुमार महर्जन, वडा नं १७ किर्तिपुर | म्यानेजिङ्ग डाइरेक्टर | ५० | नेपाली | छैन | सिभिल इन्जिनियरिङमा स्नातक | सिभिल/मेकानिकल /इलेक्ट्रिकल क्षेत्रमा २५ वर्षको अनक कन्स्ट्रक्सनमा अनुभव | मोलुङ्ग खोला जलविद्युत आयोजनामा १० वर्षको अनुभव |
| ३ | श्री नबिन महर्जन, वडा नं.१७ किर्तिपुर | निर्देशक | ४६ | नेपाली | ३५४,८४० | बणिज्य शास्त्रमा स्नातक | सिभिल/ मेकानिकल क्षेत्रमा २० वर्षको अनक कन्स्ट्रक्सनमा अनुभव | मोलुङ्ग खोला जलविद्युत आयोजनामा १० वर्षको अनुभव |
| ४ | श्री कबिन महर्जन, वडा नं १७ किर्तिपुर | निर्देशक | ४५ | नेपाली | ७३०,४२२ | आर्किटेचर इन्जिनियरिङ्गमा स्नातकोत्तर | सिभिल/मेकानिकल /आर्किटेक्ट क्षेत्रमा २० वर्षको अनक कन्स्ट्रक्सनमा अनुभव | मोलुङ्ग खोला जलविद्युत आयोजनामा १० वर्षको अनुभव |
| ५ | श्रीमती सूर्यमाया महर्जन, वडा नं.१७ किर्तिपुर | महिला सञ्चालक | ७० | नेपाली | ८८५,००० | साधारण | २० वर्षदेखि निमार्ण उद्योग र अनक कन्स्ट्रक्सनमा लगानी अनुभव | जलविद्युत क्षेत्रमा १० वर्षदेखी लगानीकर्ता |
| ६ | श्री कवि महर्जन, वडा नं.१७ किर्तिपुर | विज्ञ/स्वतन्त्र सञ्चालक | ५५ | नेपाली | छैन | मेकानिकल इन्जिनियरिङ्गमा स्नातकोत्तर | सिभिल/मेकानिकल क्षेत्रमा २५ वर्षको अनक कन्स्ट्रक्सनमा अनुभव | हाइड्रो मेकानिकल क्षेत्रमा २५ वर्षको अनुभव अनक कन्स्ट्रक्सनमा |

(ख) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण (Profile) र उक्त कम्पनी/संस्थाका सञ्चालकहरुको नाम, ठेगाना, (प्राकृतिक व्यक्ति नखुलेसम्म) :

| क्र.स | संस्थापकहरुको नाम, ठेगाना | संक्षिप्त विवरण | संचालकहरुको नाम तथा ठेगाना |
|---|---|---|---|
| १ | श्री अनक हाइड्रोपावर कम्पनी प्रा.लि, रविभवन, १४, काठमाण्डौं । | नेपालको जलविद्युत आयोजनाको विकासमा लगानी गर्ने ।<br>दर्ता नं. ७२७२६/०६६/०६७<br>दर्ता मिति २०६७/०१/२७ | श्री श्रीराम महर्जन, वडा नं १७ किर्तिपुर<br>श्री अमृत कुमार महर्जन, वडा नं.१७ किर्तिपुर<br>श्री नविन महर्जन, वडा नं.१७ किर्तिपुर<br>श्री कविन महर्जन, वडा नं १७ किर्तिपुर<br>श्री सुर्यमाया महर्जन, वडा नं.१७ किर्तिपुर |

(ग) संगठित संस्थाको सञ्चालक अन्य कुनै कम्पनी संस्था, कोष, संगठनसँग आवद्ध भए त्यस्तो सञ्चालक र आवद्ध भएको संस्थाको नाम, ठेगाना

| क.सं. | सञ्चालकको नाम, ठेगाना | आवद्ध रहेको संस्थाको नाम, ठेगाना |
|---|---|---|

| क.सं. | सञ्चालकको नाम, ठेगाना | आवद्ध रहेको संस्थाको नाम, ठेगाना |
|---|---|---|
| १ | श्री श्रीराम महर्जन, वडा नं १७ किर्तिपुर | श्री अनक हाइड्रोपावर कम्पनी प्रा.लि, रविभवन, १४, काठमाण्डौं । |
| २ | श्री अमृत कुमार महर्जन, वडा नं.१७किर्तिपुर | श्री अनक हाइड्रोपावर कम्पनी प्रा.लि, रविभवन, १४, काठमाण्डौं । |
| ३ | श्री नविन महर्जन, वडा नं.१७ किर्तिपुर | श्री अनक हाइड्रोपावर कम्पनी प्रा.लि, रविभवन, १४, काठमाण्डौं । |
| ४ | श्री कविन महर्जन, वडा नं १७ किर्तिपुर | श्री अनक हाइड्रोपावर कम्पनी प्रा.लि, रविभवन, १४, काठमाण्डौं । |
| ५ | श्री सुर्यमाया महर्जन, वडा नं.१७, किर्तिपुर | श्री अनक हाइड्रोपावर कम्पनी प्रा.लि, रविभवन, १४, काठमाण्डौं । |

नोटः यस कम्पनीले सूचिकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ मा भएको व्यवस्था तथा कम्पनी ऐन, २०६३ को उपदफा (१) छ मा भएको व्यवस्था पूर्ण रुपमा पालना भएको छ ।

(घ) संस्थापक/सञ्चालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण : नभएको ।

**ग.५.२ संस्थापक/सञ्चालकसँगको कारोवार :**

**(क) संगठित संस्थाबाट कुनै संस्थापक/सञ्चालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेको वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति र मूल्य र त्यस्तो सुविधा दिए वापत संगठित संस्थाले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरण :**

सो नभएको ।

**(ख) बुँदा (क) मा उल्लेखित वस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिका :**
सो नभएको ।

**ग.६ सिमित दायित्व सम्बन्धी विवरण :**
यस कम्पनीका कारोबारको सम्बन्धमा शेयरधनीहरुको दायित्व निजहरुले खरीद गरेको वा गर्न कवुल गरेको शेयरको अंकित मुल्य रकमसम्म मात्र सिमित रहनेछ।

**ग.७ संगठित संस्थाको कर्मचारी सम्बन्धी विवरण :**

**ग.७.१ संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :**

**(क) संगठित संस्थाको उच्च ब्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरुको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले काम गरेको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण । साथै त्यस्तो कर्मचारीहरु अन्य कुनै सूचीकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी गरेको रकम :**

**उच्च ब्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरुको विवरण**

| क्र. सं. | नाम | पद | ठेगाना | शैक्षिक योग्यता र अनुभव | नियुक्त भएको मिति | कम्पनीमा लिएको शेयर संख्या |
|---|---|---|---|---|---|---|
| १ | अमृत कुमार महर्जन | कार्यकारी अधिकृत | किर्तिपुर वडा नं ०९ | सिभिल इन्जिनियरिङ स्नातक, सभिल/मेकानिकल क्षेत्रमा २५ वर्षको अनुभव | प्रमोटर | छैन |
भौतिक आवेदन फाराम मार्फत आवेदन गरेकाको हकमा धितोपत्र निष्काशन तथा बांडफांड निर्देशिका, २०७४ को दफा २९ (३) मा भएको व्यवस्था अनुसार "उपदफा (२) बामेजिम भुक्तानी फिर्ता गर्दा धितोपत्र बिक्री बन्द भएको मितिदेखि भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम ब्याजदरको आधारमा हुन आउने ब्याज बापतको रकम सहित फिर्ता भुक्तानी दिनु निष्काशनकर्ता र निष्काशन तथा बिक्री प्रबन्धको संयुक्त दायित्व हुनेछ।" आस्वा मार्फत आवेदन दिएकाको हकमा यो व्यवस्था लागुहुने छैन।

**सर्वसाधारण शेयरधनीको हकमा :**

यस निष्काशनमा धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ (आस्वा) ले गरेको व्यवस्था बमोजिम आवेदन माग गर्नुपर्ने भएकोले सो व्यवस्था लागु हुने छैन।

**(घ) धितोपत्र बाँडफाँड तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधि :**

निष्काशन गरिने साधारण शेयरहरु प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७४, सम्बन्धी व्यवस्था अनुसार साधारण शेयरको निर्धारित समय भित्र बाँडफाँड गरी नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता भए पश्चात आवेदन फाराममा उपलब्ध गराएको हितग्राही खातामा बाँडफाँडमा परेको शेयर वितरण/जम्मा गर्ने व्यवस्था मिलाईनेछ।

**(ङ) धितोपत्र सूचिकरण भैसकेको भए, त्यस्तो धितोपत्र सूचीकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्र कारोबार शुरु हुनको लागि संगठित संस्थाले पुरा गर्नु पर्ने शर्तहरु सम्बन्धी विवरण :**

निष्काशन गर्ने साधारण शेयर सूचीकरण भइसकेको छैन। सर्वसाधारणलाई शेयर निष्काशन गरि बाँडफाँड गरेपश्चात एकैसाथ नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा प्रचलित सूचिकरण सम्बन्धी व्यवस्था अनुसार सूचीकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा धितोपत्र दर्ता गराई शेयर खरिद बिक्रीको व्यवस्था मिलाइने छ।

**(च) धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरुप्रचलित ऐन, नियम अनुसार सहज खरीद विक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :**

निष्काशन गरिने साधारण शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँड गरे पश्चात नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा प्रचलित सूचिकरण सम्बन्धी व्यवस्था अनुसार सूचीकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा धितोपत्र दर्ता गराई शेयर खरिद बिक्रीको व्यवस्था मिलाइने छ।

**ग.१०.६ प्रत्याभूति सम्बन्धी विवरण :**

**(क) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम**

प्रत्याभुति गर्नका लागि श्री लक्ष्मी क्यापिटल लिमिटेड, नयाँ बानेश्वर, काठमाण्डौ, एनआईसी एशिया क्यापिटल लिमिटेड, अनामनगर, काठमाण्डौ र नविल इन्भेष्टमेन्ट वैंकिङ्ग, नारायणचौर, काठमाडौंद्धारा प्रत्याभुति सेवा प्रदान गरिएको छ। यस विवरणपत्र अनुसार आयोजना प्रभावित क्षेत्रंका वासिन्दाहरुलाई वितरण गरिने साधारण शेयरहरु निश्चित समूहलाई तोकेर विक्री गरिने भएकोले र विक्री नभएका शेयरहरु यसपछि सर्वसाधारणहरुको लागि विक्री वितरण गरिने साधारण शेयरमा थप गरी विक्री गरिने भएकोले सो समूहको शेयर प्रत्याभुती गर्नु नपर्ने। तर, सर्वसाधारणको लागि छुट्याइएको शेयरको १००% शेयर प्रत्याभूति गरिएको छ।

| क्र.सं. | प्रत्याभूतिकर्ताको नाम | प्रत्याभूति गरिएको शेयर सख्या | प्रत्याभूति गरिएको रकम (रु.) |
|---|---|---|---|
| १ | लक्ष्मी क्यापिटल मार्केट लिमिटेड | १२,००,००० | १२,००,००,०००/- |
| २ | एन आई सी एशिया क्यापिटल लिमिटेड | १७,६५,५०० | १७,६५,५०,०००/- |
| ३ | नबिल इन्भेष्टमेन्ट बैकिङ्ग लिमिटेड | ५,६५,५०० | ५,६५,५०,०००/– |
| **जम्मा** | | **३५,३१,०००** | **३५,३१,००,०००/-** |

**(ख) धितोपत्र प्रत्याभूतिकर्तासंग गरिएको सम्झौताको मुख्य मुख्य बूंदाहरु**

१. यस कम्पनीले सर्वसाधारणमा सर्वसाधारणमा निष्काशन गर्न लागेको रु.१००/- अंकित दरका ३५,३१,००० कित्ता शेयरको जम्मा मूल्य ३५,३१,००,०००/- को ०.२५% का दरले प्रत्याभूतिकर्ताले प्रत्याभुत गर्न मञ्जुर गर्दछ। जसमा आयोजना प्रभावित क्षेत्रको लागि छुट्याईएको ८,०२,५०० कित्ता शेयर मध्ये आवेदन कम हुन गई बाँकी रहेमा सो समेत संलग्न गरि प्रत्याभूतिकर्ताले माथि उल्लेखित दरमा प्रत्याभुति सेवा प्रदान गर्न मञ्जुर गर्दछ।

२. कम्पनीले प्रत्याभुती सेवा प्राप्त गरे वापत प्रत्याभूतिकर्ताहरुलाई रु. ८,८२,७५०/– (अक्षेरुपी आठ लाख वयासी हजार सात सय पचास रुपैंया) भुक्तानी गरेको छ।

३. प्रत्याभूतिकर्ताले सम्झौता अनुसार कबुल गरेको शेयर कित्ता सम्मको दायित्व वहन गर्नेछ।

४. सर्वसाधारणमा शेयर बिक्री गर्दा सम्पूर्ण शेयरका लागि आवेदन प्राप्त भएमा प्रत्याभूतिकर्ताको दायित्व स्वतः पुरा हुनेछ।

**ग.१०.७ आवेदन दिँदा ध्यान दिनुपर्ने कुराहरु :**

**(क) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण :**

धितोपत्रबालाको अधिकार तथा प्रतिवन्धात्मक व्यवस्था जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ/गरिनेछ। साथै, लाभांश, हकप्रद शेयर आदि सम्बन्धी विवरण कम्पनले नियमित रुपमा आर्जन गर्ने मुनफा, तथा कम्पनीको पूंजी योजना अनुसार प्रचलित कानून बमोजिम गरिनेछ।

**(ख) नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सकिने ठाउं, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सकिने हो सो सम्बन्धी विवरण :**

१) कार्यालय समय भित्र निम्नलिखित स्थानहरु तथा तोकिएको संकलन केन्द्रमा कम्पनीको प्रबन्धपत्र तथा नियमावली र विवरण पत्र निरीक्षण गर्न सकिनेछ।

कम्पनीको रजिष्टर्ड कार्यालय, वागमती अञ्चल, काठमाण्डौ जिल्ला, रविभवन र यस निष्काशन कार्यका लागि नियुक्त धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक श्री सन्राईज क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाडौ।

२) यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरिदका लागि आवेदकले कम्पनी १० (दश) कित्ता शेयर खरीदका लागि आवेदन दिनुपर्नेछ। १० (दश) कित्ता भन्दा बढि शेयरका लागि आवेदन दिंदा १० (दश) अंकको गुणन संख्यामा अधिकतम ८,००० (आठ हजार) कित्ता शेयरका लागि आवेदन दिन सक्नेछन्। साधारण शेयरका लागि आवेदन दिंदा आफुले खरीद गर्न चाहेको प्रति साधारण शेयर वापत रु.१००/– (एक सय) का दरले हुन आउने एकमुष्ठ रकम दरखास्त साथ बुझाउनु पर्नेछ। रु.५०,०००/–भन्दा बढी रकमको लागि आवेदन दिंदा एकाउण्ट पेयी चेक मार्फत आवेदन रकम दिनुपर्नेछ।

**(ग) आवेदन दिंदा पालना गर्न पर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहक पचिरय पत्र र सम्बन्धिता व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :**

**ओखलढुङ्गा जिल्लाको, मोलुङ्ग गाउँपालिका, सुनकोशी गाउँपालिका र सिद्धिचरण न.पा.का स्थानिय बासिन्दाहरुले यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर निम्न प्रकृया पुरा भएको अवस्थामा शेयर आवेदन दिन सक्नेछन् :**

१. आवेदकले दरखास्त फारममा तोकिए बमोजिम सम्पूर्ण विवरण भरी अनिवार्य रुपले हालसालै खिचेको फोटो सहित आफैले दस्तखत गरी आयोजना प्रभावित जिल्लाका बासिन्दा प्रमाणित गर्ने स्थानिय निकायबाट जारी कागजात सहित दरखास्त फारम बुझाउनु पर्नेछ।

२. १६ वर्ष उमेर पुगेको हकमा आवेदकले आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपि स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा दरखास्त फारम बुझाउँदा पेश गर्नुपर्नेछ।

३. १६ बर्षभन्दा कम उमेरका लागि आमा/बाबुले संरक्षक भई आवेदन दिनु परेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाण-पत्रको प्रतिलिपि संरक्षकद्वारा अनिवार्य रुपमा प्रमाणित गरी आवेदनसाथ पेश गर्नुपर्नेछ। साथै दरखास्त फारममा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि समेत संरक्षक स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ।

४. विवाह भै आएका महिलाका हकमा विवाहदर्ता प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गरेको हुनु पर्नेछ।

५. बँसाईंसराई गरि आएको हकमा आव्हानपत्र प्रकाशित हुनु भन्दा अगावै बँसाई सराई गरी आएको प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गरेको हुनुपर्नेछ ।

६. माथि उल्लेखित हुन छुटेका वितरण प्रक्रियामा विवाद आएमा सम्बन्धित कार्यालयको सर्वदलिय संयन्त्रको निर्णय वा जिल्ला विकास समितिको सर्वदलिय संयन्त्रको निर्णय सहितको सिफारिस पत्र पेश गर्नुपर्नेछ ।

७. १६ बर्ष उमेर पुगी नागरिकता लिएको तर विवाह गरी ओखलढुंगा जिल्ला छोडि अन्य जिल्ला गएका महिला एवं जिल्ला छोडि बसाई सराई गरी गएका व्यक्ति र परिवारहरुमा उल्लेखित सुरक्षित शेयर लिने अधिकार रहने छैन ।

८. आमा बाबु बाहेक अन्य व्यक्ति संरक्षक भै नाबालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिंदा कानुन बमोजिम संरक्षकत्वको प्रमाण पेश गर्नुपर्नेछ ।

९. धितोपत्र खरिद गर्नका लागी दरखास्त दिन चाहनेले तोकिएको संकलन केन्द्रमा शेयर खरिदको लागी दरखास्त बुझाउनु पर्नेछ ।

१०. आवेदन फारम बुझाउँदा दरखास्त फारममा न्यूनतम रुपमा खुल्नुपर्ने भनी तोकिएका विवरणहरु सबै स्पष्ट रुपमा भरेको दरखास्त फारम बुझाउनु पर्नेछ ।

११. एक व्यक्तिले आफुले लिन चाहेको सम्पूर्ण शेयरको लागि एकवटा मात्र आवेदन गरेको हुनु पर्नेछ । यदि एकै यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा निजले दिएको सबै आवेदनहरुलाई रद्द गरिनेछ ।

१२. उद्योग प्रभावित जिल्लाका बासिन्दाबाट आवेदन माग गर्दा बसाईसराई वा अन्य कारणले बसाई सरेकाहरुले आवेदन दिन पाउने छैनन् ।

१३. साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिने व्यक्ति स्वयंले दरखास्त फारममा दस्तखत गरी तोकिएको संकलन केन्द्रहरुमा साधारण शेयर खरिदका लागि दरखास्त बुझाउनु पर्नेछ । यसरी दरखास्त फारममा दस्तखत नगरेको र तोकिएका संकलन केन्द्रहरु बाहेक अन्य स्थानहरूमा दरखास्त फारम बुझाएको दरखास्त फारमलाई रद्द गरिनेछ ।

१४. आयोजना प्रभावित जिल्लाका बासिन्दाहरुले शेयर खरिद गरेमा सर्वसाधारणका लागि सार्वजनिक निष्काशन गरिने साधारण शेयरको लागि पुनः आवेदन दिन पाउने छैनन् ।

१५. सम्पूर्ण दरखास्तवालाहरु (नाबालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत स्पष्ट रुपमा दरखास्त फारममा खुलाउनु पर्नेछ । दरखास्तवालाले दरखास्त फारममा आफ्नो खाता नम्बर उल्लेख गर्दा **Clearing House** को सदस्य भएको बैंक वा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नु पर्नेछ ।

१६. रु.५०,०००/-भन्दा बढी लगानी गर्ने दरखास्तवालाले दरखास्त दिंदा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत रकम जम्मा गर्नु पर्नेछ ।

१७. रु.५ लाख सम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा र रु.५ लाख भन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले अनिवार्य रुपमा प्यान **(PAN No.)** नम्बर दरखास्त फारममा खुलाउनु पर्नेछ ।

१८. दरखास्तवालाले एकाघर परिवार बाहेक एक भन्दा बढी दरखास्त फारम समावेश गरी आवेदन दिएको अवस्थामा प्रत्येक दरखास्तवालाले आफ्नै खाताको एकाउण्ट पेयी चेक बुझाउनुपर्नेछ ।

१९. हितग्राही खाता खोली सकेको आवेदकको हकमा हितग्राही खाता नं. उल्लेख गर्नुपर्नेछ ।

२०. साथै नेपाल धितोपत्र बोर्डबाट मिति २०७५/१०/०७ को निर्देशन बमोजिम आयोजना प्रभावित क्षेत्रका स्थानियवासीहरुले ऐच्छिक रुपमा आस्वा प्रणालीमार्फत् आवेदन दिन सक्ने छ ।

२१. आयोजना प्रभावित तथा अति प्रभावित जिल्लाका बासिन्दाहरुको लागि वितरण गरिएको शेयर सर्वसाधारणका लागि निष्काशन गरिएको शेयर बाँडफाट भएको मितिले तीन वर्ष पूरा नभएसम्म अरु कसैलाई बिक्री वा हस्तान्तरण गर्न पाइने छैन ।

**वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको हकमा :**

१. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्विकृति लिई विदेशमा वसी रोजगारी गरिरहेका नेपालीहरुले यस विवरणपत्र अनुसार आवेदन गर्न पाउनेछन् ।

२. यस विवरणपत्र अनुसार धितोपत्र खरिद गर्न चाहने नेपालीहरुले शेयरमा आवेदन दिंदा नेपाल धितोपत्र बोर्डबाट दरखास्त संकलन सम्बन्धि कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा रहेको विप्रेषण (रेमिट्यान्स) बचत खाता मार्फत मात्र भुक्तानी गर्नुपर्नेछ ।

३.शेयरमा आवेदन गर्न विप्रेषण (रेमिट्यान्स) बचत खातामा पछिल्लो छ महिनामा कम्तीमा ५० हजार नेपाली रुपैयाँ सम्बन्धित आवेदकले आफु रोजगार रहेको मुलुकबाट जम्मा गरेको हुनु पर्नेछ ।

४. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्विकृति लिई वैदेशिक रोजगारीमा रहेका नेपालीहरुले यसरी आवेदन गर्नका लागि डिम्याट अनिवार्य रहेकाले सम्बन्धित निक्षेप सदस्यहरुबाट प्रदान गरिने अनलाईट पोर्टलहरुबाट पनि डिम्याट खाता खोल्न सक्नेछन् ।

५.निष्काशित शेयरमा आवेदन दिएका विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकले सर्वसाधारणलाई छुट्याईएको शेयरमा आवेदन गर्न सक्ने छैनन् ।

६. आयोजना प्रभावित क्षेत्रका बासिन्दाका लागि निष्काशन गरिएको शेयरमा बाँडफाँडमा परेका शेयरधनीहरुले यस निष्काशनमा आवेदन दिन पाउने छैनन्र यदि आवेदन गरेको पाईएमा सो आवेदन स्वतः अयोग्य ठहरिने छ ।

७. आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाले ASBA अर्न्तगत लिने आवेदनको ढाँचा धितोपत्रको सार्वजनिक निष्काशनको केद्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसुची ५ बमोजिम हुनुपर्नेछ ।

८. आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थालेब्क्ब्ब अर्न्तगत लिने आवेदनको ढाँचा धितोपत्रको सार्वजनिक निष्काशनको केद्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसुची ५ बमोजिम हुनुपर्नेछ ।

९. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको “मेरो शेयर” सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनु पर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनु पर्नेछ ।

१०. रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँटमा समावेश नगरिने हुंदा आवेदन फाराममा भरेको हितग्राही खाता नं. आवेदक स्वयंले एकिन गर्नुपर्नेछ ।

११. रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँटमा समावेश नगरिने हुंदा आवेदन फाराममा भरेको हितग्राही खाता नं. आवेदक स्वयंले एकिन गर्नुपर्नेछ ।

१२. आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसंग आवेदन फारम भरी बुझाउनु पर्नेछ :
क. धितोपत्र निष्कासनकर्ता कम्पनीको नाम ।
ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ठेगाना ।
ग. खरिद गर्न चाहेको धितोपत्रको संख्या -अंक र अक्षरमा ।
घ. खरिद गर्न चाहेको धितोपत्र वापतको रकम -अंक र अक्षरमा ।
ङ. आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम ।
च. आवेदकको हितग्राही -डिम्याट खाता नम्बर

१३. आवेदकहरुले आवेदन दिंदा सि-आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormant) रहेको हुनु हुदैन ।

१४. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनुपर्नेछ ।

१५. एक व्यक्तिले आफुले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिन पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पुर्ण दरखास्तलाई रद्द गरिनेछ ।

१६. धितोपत्र खरीदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरीद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा विक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गर्नेछ ।

१७. धितोपत्र बाँडफाँड गर्नुपुर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा विक्री प्रबन्धकलाई दिनु पर्नेछ ।

१८. शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकोले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ ।

१९. रु.५,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनुपर्नेछ । यस अतिरिक्त रु. ५,००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

२०. वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि न्यूनतम १० कित्ता र अधिकतम १० अंकले भाग जानेगरी ८,००० (१० प्रतिशतले हुन आउने) कित्ता सम्मका लागि आवेदन दिन सक्नेछन् ।

**२. सर्वसाधारणले यस विवरणपत्र मार्फत निष्काशनगरिने साधारण शेयर निम्न बमोजिम आवेदन दिन सक्नेछन्।**

निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ बमोजिम सार्वजनिक निष्काशनमा Centralized Application for ASBA Based Issuance(C-ASBA) प्रणाली मार्फत् आबेदन संकलन गर्न आबद्व आस्वा (ASBA) सेवामा सहभागी बैंकं तथा वित्तीय संस्था तथा तीनका शाखा कार्यालयहरुबाट आवेदन दिन सक्नेछन् ।

ख) (C-ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरुले उपरोक्त बमोजिम बुझीलिएको फारम तोकिएको समयवधि भित्र (C-ASBA) प्रणालीमा प्रविष्टि गर्नुपर्नेछ ।

ग) सङ्गठित संस्थाले प्रारम्भिक सार्वजनिक निष्काशन मार्फत जारी गरेको शेयर खरिदका लागि प्राकृतिक व्यक्तिले मात्र दरखास्त दिन सक्नेछ । तोकिएको अवधिभित्र बिक्री नभएमा संगठित संस्था वा प्रचलित कानुन बमेजिम स्थापना भएका संस्थाले त्यस्तो शेयर खरिद गर्न सक्नेछ ।

**ग.११ सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :**

निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ वर्षको अवधिमा कुनै प्रकारको वस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न व्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्थासँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :

| सम्बन्धित संस्थाको नाम | सम्बन्ध | कार्य प्रकृति | २०७८-७९ |
|---|---|---|---|
| अनक हाइड्रोपावर कम्पनी लि. | मूल कम्पनी | तिर्नु पर्ने दायित्व | २,७९७,००० Cr. |
| अनक कन्स्ट्रक्सन कम्पनी लि. | साहू | तिर्नु पर्ने दायित्व | ३४,१३९,२२० Cr. |

माथि उल्लेखित सम्बन्धित कम्पनी मध्ये अनक हाइड्रोपावर कम्पनी लि. मूल कम्पनी रहेको र अनक कन्स्ट्रक्सन कम्पनी प्रा.लि. सिस्टर कम्पनी रहेको र सोको विवरण कम्पनीको लेखापरिक्षणको सम्बन्धित पार्टि कारोवार अन्तर्गत उल्लेख गरिएको छ ।

(क) **संगठित संस्थाको कार्यकारी, अधिकृत वा सञ्चालकको रुपमा रहेको व्यक्ति :** सो नभएको ।

(ख) **आधारभूत शेयरधनी :**सो नभएको ।

(ग) **खण्ड (क) र (ख) मा उल्लेखित कुनै व्यक्तिको एकाघर परिवार सदस्य :**सो नभएको ।

(घ) **संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था : सो नभएको ।**

(ङ) संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको सञ्चालक वा निजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ वर्ष अगाडिको अवधिमा संस्थाको सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको भए सो कुरा :सो नभएको ।

(च) कुनै सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने :सो नभएको ।

**ग.१२. विदेशी लगानी र व्यवस्थापन सम्बन्धी विवरण :**

विदेशी लगानी र व्यवस्थापनमा संगठित संस्था सञ्चालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मुख्य तथा तात्विक बुँदाहरु :सो नभएको ।

**ग.१३. सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा सो को विवरण :**

(क) संगठित संस्थाको विगत ३ आर्थिक वर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको शेयर संख्या :सो नभएको ।

(ख) बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कूल दिन र कूल कारोबार भएको धितोपत्र संख्या :सो नभएको ।

**ग.१४. पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :**

संगठित संस्थाले यस भन्दा अगाडी धितोपत्र निष्काशन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखित गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्युन हुन गएको भए यसरी फरक पर्नाको कारण : सो नभएको ।

**ग.१५. परामर्शदाता/विशेषज्ञ सम्बन्धी विवरण :**

**(क) लेखापरीक्षक, प्रमुख बैंक, निष्काशन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना :**

- लेखापरीक्षक : कम्पनीको आ.व.२०७८/७९ को आम्दानी खर्च हिसाब तथा वासलातको लेखापरीषण जी. प्रकाश एण्ड एसोसिएट्सले गर्नुभएको छ । (ठेगाना - शंखमुल ३१, काठमाडौं)
- निष्काशन बैंक (Banker to the Issue)

  **स्थानिय बासिन्दाहरुको हकमा:**

  निष्काशन बैंक (Banker to the issue)निम्न बमोजिम तोकिएको छ ।

  यस निष्काशनको लागि सन्राईज बैंक लिमिटेड, कमलपोखरी लाई निष्काशन बैंकको रुपमा तोकिएको छ ।

  वित्तिय प्रक्षेपणको विवरण तयार पार्ने विज्ञ : कम्पनी आफैलेतयार गरी विज्ञद्धारा प्रमाणित गराईएको।

- वित्तीय प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ : जी. प्रकाश एण्ड एसोसिएट्सले गर्नुभएको हो ।

**(ख)** माथी खण्ड (क) मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मूख्य मूख्य बूँदा तथा शर्तहरु : सो नभएको ।

**ग.१६. परियोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण :**

| वित्तीय श्रोत | कुल रकम (रु.) |
|---|---|
| बैंक ऋण (टर्म लोन) | ९८०,०००,००० |
| प्रमोटर लगानी | ४४९,४००,००० |

| | मुख्य प्रमोटरको विवरण | शेयर स्वामित्व (रु.१०० प्रति शेयर) |
|---|---|---|
| १ | श्री अनक हाइड्रोपावर कम्पनी प्रा.लि | २,००६,१९८ |
| २ | श्रीमती सूर्यमाया महर्जन | ८८५,००० |
| ३ | श्री नविन महर्जन | ३५४,८४० |
| ४ | श्री कबिन महर्जन | ७३०,४२२ |

**ग.१७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

(क) संगठित संस्थाको तरलता, मौज्दात, कार्य सञ्चालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा : सो नभएको ।

(ख) संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/सञ्चालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण : सो नभएको ।

(ग) विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो सञ्चालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नु पर्ने : सो नभएको ।

(घ) संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु : सो नभएको ।

**ग.१८. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :**

यस सार्वजनिक निष्काशन सम्बन्धमा कुनै लगानीकर्ताहरुको गुनासो सुन्न र सो को समाधानको लागि धितोपत्र निष्काशन तथा विक्री प्रवन्धकको कार्यालयको फोन नं. **०१–४५२८६६०** मा सम्पर्क गरी श्री अर्चना श्रेष्ठ प्रधान संग सर्म्पक गर्न सकिनेछ ।

**ग.१९. नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरिद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको धितोपत्र संख्या र दर सम्बन्धी विवरण :** सो नभएको ।

**ग.२०. ऋणपत्र निष्काशन सम्बन्धी विवरण :** हालसम्म ऋणपत्र जारी गरिएको छैन ।

**ग.२१. अग्राधिकार शेयर निष्काशन सम्बन्धी व्यवस्था :** हालसम्म अग्राधिकार शेयर जारी गरिएको छैन ।

**ग.२२. अन्य सामान्य जानकारी :**

(क) **विशेषज्ञको कुनै राय भएमा सो को विवरण** :छैन ।

(ख) **गत तीन आर्थिक वर्ष भित्रमा कुनै सञ्चालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण :**

| सि.नं. | नाम | पद | प्रतिनिधित्व गर्ने संस्था र पद | पदावधी | | परिवर्तन भएको कारण |
|---|---|---|---|---|---|---|
| | | | | देखी | सम्म | |
| १ | श्रीमती सूर्यमाया महर्जन | महिला सञ्चालक | – | २०७८।०४।१५ | २०८२।०४।१४ | नयाँ नियुक्ति |
| २ | श्री कवि महर्जन | विज्ञ/स्वतन्त्र सञ्चालक | – | २०७८।०४।१५ | २०८२।०४।१४ | नयाँ नियुक्ति |
| ३ | श्री आर श्रेष्ठ एण्ड एसोसियट्स | लेखा परीक्षक | – | २०७५/७६ साधारण सभा | २०७९/०३/२० | व्यक्तिगत कारण |

(ग) **कम्पनी सचिवको विवरण**

**नाम** : श्री सहन महर्जन
**ठेगाना** : वडा नं. ९, किर्तिपुर
**शैक्षिक योग्यता** : वि.वि.ए (फाईनान्स)

(घ) **सार्वजनिक निष्काशन गर्नको लागि सञ्चालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण :**
कम्पनीको संचालक समितिको मिति २०७७/१०/१२ गतेको बैठकको निर्णय अनुसार स्थानिय जनताको लागि १०% र सर्वसाधारणको लागि ३४% गरी जम्मा ४४% शेयरको सार्वजनिक निष्काशन गर्ने निर्णय गरिएको छ ।

(ङ) **संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष सुविधा दिइएको भए, सो सम्बन्धी विवरण :**
संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष सुविधा दिइएको छैन ।

(च) **संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाहविवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :**
कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालय, रविभवन, काठमाडौं र धितोपत्र निष्काशन तथा विक्री प्रवन्धक सन्राईज क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाडौंमा सम्पर्क राखी कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सकिनेछ ।

(छ) **बोनस शेयर सम्वन्धी व्यवस्थाः**
हालसम्म आयोजना सम्पन्न भई मुख्य आयआर्जन भइनसकेकोले बोनश शेयर जारी गरिएको छैन । भविष्यमा प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको प्रचलित बोनश शेयर निष्काशन सम्वन्धी व्यवस्था अनुसार बोनश शेयर जारी गर्न सकिनेछ ।

(ज) **शेयरवाला, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुराः**
कम्पनीको साधारण शेयरमध्ये हाललाई आयोजना प्रभावित ओखलढुङ्ग जिल्लावासीहरुको लागि १०% ले हुन आउने ८,०२,५०० कित्ता, वैदेशिक रोजगारीमा रहेको नेपालीहरुलाई १०% ले हुन आउने २,७२,८५० कित्ता, कम्पनीमा कार्यरत कर्मचारीहरुका लागि २% ले हुन आउने ५४,५७० कित्ता र सामुहिक लगानी कोष योजनाको लागि ५% ले हुन आउने १,३६,४२५ कित्ता शेयर सुरक्षित गरिएको छ ।

(झ) **कम्पनीले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसंग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्वन्धी उदघोषण**:
कम्पनीले कम्पनी ऐन, २०६३ (संशोधन सहित)ले गरेको व्यवस्थाहरु, आफुले गर्ने व्यवसायसंग सम्वन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्ण पालना गरेको छ र सोही निर्देशनहरुको दायराभित्र रहि कार्य गरिरहेको तथा यस विवरणपत्रमा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो भन्ने कम्पनीको उद्घोषण रहेको छ । साथै कम्पनीले कम्पनी रजिष्ट्रारको कार्यालयमा आर्थिक वर्ष २०७८/७९ सम्मको पेश गर्नुपर्ने विवरणहरु पेश गरेकाले कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७९/०७/३० मा कम्पनी अद्यावधिक सम्बन्धी पत्र प्राप्त गरेको छ ।

(ञ) **धितोपत्र विक्री वितरण सम्वन्धी व्यवस्थाः**
यस विवरणपत्र मार्फत निष्काशित आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरको लागि शेयर बिक्री वितरणका लागि आयोजना प्रभावित क्षेत्रमा बिक्री प्रबन्धकले संकलन केन्द्रको आवश्यक व्यावस्था गरी आवेदन फाराम, विवरणपत्र वितरण तथा आवेदन फाराम सहित दरखास्त रकम जम्मा गर्ने व्यवस्था गर्नेछ । सर्वसाधारणको हकमा नेपाल त्रितोपत्र बोर्डबाट स्वकृत सम्पूर्ण आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरु मार्फत आवेदन दिन सक्ने व्यवस्था रहेको छ ।

(ट) **क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था :**
यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम वित्तीय संस्थाको रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था इक्रा नेपाल लिमिटेड, सनराइज विजपार्क, छैठौं तल्ला, डिल्लीवजार, काठमाडौंवाट क्रेडिट रेटिङ्ग गराई "ICRANP-IR BB" -[ICRA NP Issuer Rating Double B]" प्रमाणपत्र प्राप्त गरेको छ । "ICRA NEPAL Issuer Rating Double B" ले कम्पनीको वित्तीय दायित्वको समयमै सेवा गर्ने सम्बन्धमा पूर्व निर्धारितको मध्ययम जोखिम रहेको (Moderate risk of default regarding timely servicing of financial obligatins) भन्ने बुझिन्छ । सो ग्रेडिङ्ग को बैद्यता अवधि एक वर्ष रहने छ ।
इस्युर रेटिङ्ग प्रदान गरेको मिति : २०७९/०१/१५ (तदनुसार अप्रिल २८, २०२२)

बहाल रहने अवधि:२०८०/०१/१५( तदनुसार अप्रिल २८, २०२३) )

(ठ) **विवरणपत्र तयार गर्नेव्यवसायीक संस्थाको नाम र ठेगाना सम्बन्धी विवरण :**
यस विवरणपत्र तयार पार्ने व्यवसायिक संस्थामा धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक सन्राईज क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाडौं रहेको छ ।

(ड) **सकारात्मक पक्षहरु :** जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास कार्यमा योजनाबद्ध ढंगले समर्पित भएर काम गरिरहेकोले यस कम्पनीको भविष्य उज्ज्वल रहेको ।

(ढ) **शेयर रजिष्टार सम्बन्धी व्यवस्था :** नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचकिरण गरे पश्चात् शेयरको दाखिल खारेज, दस्तखत रुजु आदि सम्बन्धी कार्य यस कम्पनीको कार्यालयबाट वा कम्पनीको सञ्चालक समितिले तोके बमोजिम शेयर रजिष्ट्रारको कार्यालयबाट हुने गरी व्यवस्था गरिनेछ ।

(ण) **साधारण शेयरको विक्री खुल्ला अवधी :** यस विवरण-पत्रद्वारा निष्काशन गरिएको आयोजना प्रभावित स्थानीय बासिन्दाहरुको लागि जारी गरिने शेयरको लागि आवेदन दिने अवधिक बिक्री खुल्ला भएको मितिबाट कम्तीमा १५ दिन र बढीमा ३० दिन खुल्ला रहनेछ । आयोजना प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरुको लागि निष्काशन गरी बिक्री बन्द भई शेयर बांडफांड भए पश्चात सर्वसाधारणको लागि निष्काशन खुल्ला गरिनेछ । सर्वसाधारणको लागि आवेदन दिने अवधि कम्तीमा ४ कार्य दिन र बढीमा १५ दिनखुल्ला रहनेछ ।

(त) **धितोपत्र दर्ता निष्काशन नियमावली, २०७३ को नियम ९(३) मा भएको व्यवस्थाहरुको विवरण :**

१. **आफ्नो उद्देश्य अनुसार कारोबार संचालन गर्नका लागि आवश्यक कार्यहरु अगाडी बढाई एक वर्षको अवधि पूरा गरेको :** मोलङ्ग हाईड्रोपावर कम्पनी प्रा.लि.मिति २०६७/१०/३१ गते स्थापना गरी तत् पश्चात मिति २०७६/०८/२६ बाट मोलङ्ग हाईड्रोपावर कम्पनी लि.को रुपमा स्थापना भई कार्य गर्दै आएको छ ।

२. **प्रचलित कानून बमोजिम लेखापरिक्षण तथा साधारण सभा सम्पन्न गरेको :** मिति २०७८/०७/१२ गते बसेको १२ औ वार्षिक साधारण सभाबाट आर्थिक वर्ष २०७७/०७८ को लेखापरिक्षण तथा साधारणसभा सम्पन्न भएको छ । आर्थिक वर्ष २०७८/०७९ को लेखापरिक्षण जी प्रकाश एण्ड एसोसिएट्स सी.ए. लेखापालद्वाराले मिति २०७९/०७/०१ मा गर्नुभएको हो ।

३. **आफ्नो उद्देश्य अनुसार कारोबार संचालन गर्नका लागि प्रचलित कानून बमोजिम कुनै निकायबाट इजाजत, अनुमति वा स्वीकृत लिनुपर्ने भएमा त्यस्तो इजाजत अनुमति वा स्वीकृती लिइसकेको :** कारोबार संचालन गर्न नेपाल विद्युत प्राधिकरणबाट मिति २०७५/०१/०७, उर्जा मन्त्रालयबाट मिति २०७३/०७/२५, उर्जा मन्त्रालय विद्युत विकास विभागबाट मिति २०७१/०६/१२ मा स्वीकृति लिइसकेको छ ।

४. **संगठित संस्थाको लागि आवश्यक पर्ने जग्गा खरिद वा अन्य प्रकारले व्यवस्था गरी कारखाना भवन, कार्यालय भवन, गोदामघर तथा अन्य आवश्यक सुविधाहरुको निर्माणकार्य शुरु गरिसकेको :सो लागु नहुने**

५. **उत्पादनको प्रविधि छनौट गरी उद्योगको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पाटपुर्जा आदि खरिद गर्नुपर्ने भएमा: सो लागु नहुने ।**

६. **धितोपत्रको सार्वजनिक निष्काशन सम्बन्धमा निष्काशन तथा बिक्री प्रबन्धकसंग सम्झौता भईसकेको:** कम्पनीको प्रबन्धपत्रमा उल्लेख भए बमोजिम सर्वसाधारणमा साधारण शेयर निष्काशन गर्नका लागि निष्काशन तथा बिक्री प्रबन्धक श्री सन्राईज क्यापिटल लिमिटेडसंग सम्झौता भईसकेको ।

७. **आयोजना निर्माण अवधिभर कम्पनीको ऋण र पूँजीको अनुपात धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम राख्न सहमत भएको :** यस कम्पनीको आयोजना निर्माण अवधिभर कम्पनीको ऋण र पूंजीको अनुपात धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम कायम गरी मिति २०७४/१२/१२ देखि विद्युत उत्पादन गर्दै आएको छ ।

८. संस्थापकहरुले आफुले लिन कबुल गरेको ४४,९४,००० कित्ता शेयरको प्रति शेयर रु.१००/– का दरले रु.४४,९४,००,०००/– शतप्रतिशत रकम चुक्ता भैसकेको छ ।

९. **परियोजना निर्माणका लागि फाइनान्सिएल क्लोजर (Financial Closure) भैसकेको**:
यस कम्पनीको लागि एनएमबी बैंक (लीड बैंक) मार्फत फाइनान्सिएल क्लोजर भई आयोजना सम्पन्न भैसकेको छ ।

१०. **जलविद्युत उत्पादन संस्था भएमा, विद्युत खरिद सम्झौता गरिसकेको :**
प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मितिदेखि हरेक महिना कम्पनीले आयोजनाबाट उत्पादन गरी उपलब्ध गराएको कन्ट्रयाक्ट इनर्जीको परिणाम सम्मको उर्जा खरीद वापत वर्षा याममा प्रति कि.वा.

घण्टा रु. ४.८० र सुख्खा याममा प्रति कि.वा. घण्टा रु.८.४० विद्युत खरीद दरले हुन आउने रकम कम्पनी वा अगुवा बैंक वा वित्तीय संस्थालाई बुझाउने छ।

**ग.२३. यस विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन्, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने सञ्चालकहरुको नाम तथा दस्तखत :**

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री श्रीराम महर्जन | अध्यक्ष | |
| २ | श्री अमृत कुमार महर्जन | प्रबन्ध निर्देशक | |
| ३ | श्री नबिन महर्जन | निर्देशक | |
| ४ | श्री कबिन महर्जन | निर्देशक | |
| ५ | श्रीमती सूर्जमाया महर्जन | महिला सञ्चालक | |
| ६ | श्री कवि महर्जन | विज्ञ/स्वतन्त्र सञ्चालक | |

**ग.२४. निष्काशन तथा बिक्री प्रबन्धकले प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रति :**

सन्राइज क्यापिटल लिमिटेड
**SUNRISE CAPITAL LTD.**
Subsidiary of SUNRISE BANK LIMITED

च.नं.४८१/०७९/०८० मिति २०७९/०७/२४

श्री नेपाल धितोपत्र बोर्ड,
संस्थागत वित्त विभाग
जावलाखेल, ललितपुर ।

**विषय : ड्यु डेलिजेन्स् सर्टिफिकेट बारे ।**

महाशय,

बागमति अंचल ,काठमाण्डौं जिल्ला, रविभवन ठेगाना भएको मोलुङ्ग हाइड्रोपावर कम्पनी लिमिटेडले सर्वसाधारणहरुका लागि जारी गर्न लागेको रु.१००/– अंकित दरको ३५,३१,००० कित्ता साधारण शेयर निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा सेवा दिन हामी मञ्जुर गर्दछौं । साधारण शेयर सर्वसाधारणमा निष्काशन गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार साधारण शेयर बिक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ । यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउंदछौं ।

१. कम्पनीको “विवरणपत्र” मा उल्लेख गरिएका विवरण तथा जानकारीहरु हामीलाई उक्त कम्पनीबाट प्राप्त जानकारी अनुरुप तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । साथै कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययन गर्दा कम्पनीले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।

२. प्रचलित धितोपत्र कारोबार सम्बन्धी कानून अनुसार पेश गर्नुपर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी त्यहां पेश गरिएको र प्रत्येकको एक एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ ।

३. हाम्रो विचारमा कम्पनीद्वारा निष्काशित धितोपत्र, धितोपत्र सम्बन्धी ऐन,२०६३ तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रचलित धितोपत्र सूचिकरण सम्बन्धी व्यवस्था बमोजिम सूचीकरण हुन योग्य छन् ।

४. कम्पनीले निष्काशन गर्न लागेको प्राथमिक शेयरका लागि आवेदन दने आवेदकहरुलाई “विवरणपत्र” तथा दरखास्त फाराम सरल तरिकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा निष्काशन कम्पनीसंग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने छौं ।

५. हामीले त्यस बोर्डबाट जारी गरिएको धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा उल्लेखित सबै कुराहरुको अध्ययन गरेका छौं । उक्त व्यवस्थाहरुसंग अनुरुप हुने गरी कम्पनीले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएका छौं ।

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक :**

सन्राईज क्यापिटल लिमिटेडको तर्फबाट

नाम : बिजय लाल श्रेष्ठ
पद : प्रमुख कार्यकारी अधिकृत

सही : कार्यालयको छाप : SUNRISE CAPITAL LTD.

PIONEER IN MERCHANT BANKING.

ग.२५. विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :

# G. PRAKASH & ASSOCIATES

Sankhamul-31, Kathmandu, Bagmati, Nepal

**Report on Projected Financial Statement**

To the Shareholders of Molung Hydropower Company Ltd.

**Auditors Opinion**

We have examined the projection in accordance with the Nepal Standards on Assurance Engagements applicable to the examination of prospective financial information. Management is responsible for the projection including the assumptions set out in the basis of opinion on which it is based. The projection has been prepared for Initial Public Offerings (IPO). The projection has been prepared using set of assumptions that include hypothetical assumptions about future events and managements actions that are not necessarily expected to occur. Consequently, readers are cautioned that this projection may not be appropriate for other purposes than IPO.

In our opinion, the projected financial statements of Molung Hydropower Company Ltd. "the company" from the fiscal year 2079-80 to 2081-82 are prepared on the reasonable basis using the best estimates from the trend analysis of up to the audited financial statement of fiscal year 2078/79. The financial statements present best estimates for the projected years as per our best knowledge to matters as per the documents and estimates furnished to us by the management. Further, in our opinion the projection is properly prepared on the basis of the assumptions and is presented in accordance to the Nepal Financial Reporting Frameworks.

Even if the events anticipated under the hypothetical assumptions described occur, actual results are still likely to be different from the projection since other anticipated events frequently do not occur as expected and variation may be material.

**Basis of Opinion**

In our opinion and based on the explanations and estimates used by the management for the preparation of the projected financial statements, we believe the projected financial statements are true and fair to the best of our knowledge.

The projected financial statement uses the actual financial data of the company till Ashadh end 2079 for the purpose of projection. Other major aspects of projections include relevant dependencies form;

| Particulars | Dependency/Projection Basis |
|---|---|
| Revenue from Electricity Sales | As per the PPA agreement with the Nepal Electricity Authority for supply of electricity at agreed rates, hydrology studies and increment in the production efficiency of the company. The projection of electricity generation is well within the operation capacity of the company. |
| Cost of Operation | As per the trend analysis of up to audited financial statement of fiscal year 2078-79 and estimated inflation of Nepal. |
| Administrative Expenses | As per the trend analysis of up to audited financial statement of fiscal year 2078/79 and estimated inflation of Nepal. Committed liabilities are estimated based on the agreements/contracts. |
| Forced outage | The Forecast do not include forced outage for future years as the management do not expect such events to happen in the future. |
| Depreciation | As per the Property plant and equipment chart. No any significant changes in the disposal of fixed assets. The company has increased its operation efficiency by upgrading its basic site infrastructure. |
| Amortization | As per the Intangible asset chart. No significant changes in the disposal of fixed assets. |

G. Prakash & Associates Chartered Accountants Kathmandu

gpa.prakashgautam@gmail.com, Tel: +977 984-350-6873

| | |
|---|---|
| Financial Cost and Borrowings | Company has availed overdraft loan as short term working capital financing. The projection of overdraft loan in the financial statement is within the limit approved from the bank.<br>The company has availed the loan from the respective banks as its core external source. Projections includes repayment of such loan from the capital raised from Initial Public Offerings (IPO).<br>The company has projected its financial cost as per the interest rate agreed in the agreement with financial institutions. |
| Capital | Share capital increment is as per the IPO planning and approval from the Annual General Meeting of the company. |

G. Prakash & Associates Chartered Accountants Kathmandu

Prakash Gautam, CA
Proprietor
G. Prakash and Associates
Kathmandu, Nepal

Place:Kathmandu
Date: 2079.07.01
UDIN: 221021CA01158CkWeB